मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

‘वर्तमान व्यवस्थाको रक्षा गर्नु प्रमुख जिम्मेवारी’



पृष्ठ ५ मा

वर्ष ३ | अंक १२१ | २०८१ साल फागुन २७ गते मंगलबार | Tuesday 11, March 2025 | सूर्योदयः बिहान ६:१८ बजे | सूर्यास्तः साँझ ६:१२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# दुई नेतालाई स्पष्टिकरणपछि जनमतको विवाद सतहमा



### दीपक कुमार साह
निलम्बित उपाध्यक्ष
जनमत पार्टी

पार्टी विभाजन गर्ने हैसियत मसँग छैन । कोही एकजनाले भनून्, मैले फोन गरेर जनमत पार्टी फोरौँ भनेको । यस्तो पाइए कारबाही भोग्न तयार छु, ममाथि लगायएको आरोपमा सत्यता छैन ।



### सुरेन्द्र नारायण यादव
निलम्बित कोषाध्यक्ष
जनमत पार्टी

आर्थिक अपचलनको आरोप लगाइएकामा कुनै सत्यता छैन । पार्टीको संस्थापक हुँ, पार्टी निर्माणमा खुनपसिना बगेको छ, आफू इमान्दार र बाँकी बेइमान भन्दा दीर्घकालसम्म पार्टीलाई हित हुँदैन ।



### डा. शरदसिंह यादव
प्रवक्ता
जनमत पार्टी

कुनै पनि जीवन्त पार्टीमा स्पष्टिकरण सामान्य हो । त्यसलाई अतिरञ्जित बनाउनु गलत हो । धेरै नेतालाई स्पष्टिकरण सोधिएको र पार्टीलाई जवाफ चित्तबुझ्दो लागे पुरानै जिम्मेवारी दिइएको छ ।

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

२०७९ को निर्वाचनमा उदाएको र केन्द्रमा सत्ता गठबन्धन साझेदार र मधेश प्रदेश सरकार नेतृत्व गरिरहेको डा. सिके राउतको पार्टीमा विवाद देखिएको छ । राउतलाई पार्टी स्थापनादेखि नै निरन्तर साथ दिइरहेका र जनमत पार्टी निर्माणदेखि सक्रिय दुई केन्द्रीय नेतामाथि कारबाही अघि बढेपछि जनमत पार्टीभित्रको विवाद सतहमा आएको हो । जनमतले उनीहरुमाथि गम्भीर आरोप लगाएर स्पष्टिकरण सोधेपछि असन्तुष्टि धमाधम बाहिरिन थालेको छ । उनीहरुले जनमतमा अध्यक्षका दाइ जयकान्त राउत हाबी भएपछि पार्टीमा समस्या देखिएको बताएका छन् ।

‘मधेश देश छुट्टै हुनुपर्छ’ भन्ने गतिविधि गरेका बेलादेखि नै रातलाई साथ दिइरहेका उपाध्यक्ष इञ्जिनियर दीपककुमार साह र कोषाध्यक्ष सुरेन्द्रनारायण यादवलाई स्पष्टिकरण सोधिएको थियो । आइतबारदेखि महोत्तरीमा जारी केन्द्रीय कमिटी बैठकमा दुवै नेतालाई निलम्बन गर्दै स्पष्टिकरण थमाइएको हो । अनुशासन समितिकी सचिव अनिताकुमारी मण्डलले उपाध्यक्ष साहलाई पार्टी विभाजनसम्मको गतिविधिमा संलग्न भएको आरोपमा स्पष्टिकरण सोधेकी छिन् भने । कोषाध्यक्ष यादवलाई चार बुँदै स्पष्टिकरण सोधिएको छ । यादवलाई सात दिनभित्र जवाफ मागिएको छ ।

कोषाध्यक्ष यादवमाथि अधिकांश समय विदेशमा बिताएको, पार्टीको महत्वपूर्ण बैठक र कार्यमा सहभागी नभएको, गैरआवासीय मधेशी संघको कोषाध्यक्षसमेत रहे पनि हिसाब माग्दा नदिएको र झूटो हिसाब देखाउने गरेको आरोप छ । पार्टीको विरोधमा सामाजिक सञ्जालमा पोष्ट गरेको, पार्टी फोर्न गुटबन्दी गरेको, सप्तरी १ र २ मा नेता कार्यकर्ता भड्काएर निष्क्रिय बनाएको, तत्कालीन उम्मेदवार डा. जयकान्त राउत, राष्ट्रिय अध्यक्ष डा. सिके राउत र बारा–२ को उपनिर्वाचनमा पनि पार्टीका उम्मेदवार हराउन षड्यन्त्र गरेको आरोप पनि यादवको टाउकोमा लगाइएको छ । पार्टीको जानकारी र अनुमतिबिना गैरआवासीय मधेशी संघका नाममा विदेश बस्दै आएका ६० भन्दा बढी कार्यकर्ता, नेता तथा एरिया इन्चार्जबाट लगानी सेयर र लेबीका नाममा संघका पूर्वअध्यक्ष इञ्जिनियर बसन्त कुमार कुसबाहा र इन्जिनयर शम्भुनाथ साहसमेतसँग मिलेर करोडौ रुपैयाँ उठाएको पनि यादवलाई आरोप छ ।

कोषाध्यक्ष यादवलाई स्पष्टीकरणसहित पठाएको पत्रमा इञ्जिनियरद्वय कुसबाहा र साहसँग मिलेर करोडौँ रुपैयाँ उठाएर काठमाडौँको कोटेश्वरमा घर किनेर प्रवासी होटल चलाएको, जनकपुरमा घर–स्कुल चलाएर अरु विभिन्न कारोबार गरेको आरोप छ । उसो त पार्टीमा पटकपटक ठगी गरेको भनेर उजुरी परेको बताइएकोक छ । हरहिसाब क्लियर नगरी दम्भ देखाएकाले पार्टीमै असर परेकाले स्पष्टिकरणसहित निलम्बन गरिएको भनिएको छ । यादवलाई निर्वाचन सम्पन्न भएको दुई वर्ष हुनलाग्दा यस्तो आरोप लगाइएको हो । उनीहरु पक्षधरको कुरा सुन्ने हो भने दुवैजनाले पार्टीमा थिति बसाल्न खोज्दा नियोजितरुपमा स्पष्टिकरण सोधिएको हो । पार्टीमा अध्यक्ष राउतका दाजु जयकान्तले पकड बनाएपछि उनको कार्यशैलीमा असहमति जनाउँदा यादव र साह मात्रै नभएर अरु जोकोही दण्डित हुनुपर्ने अवस्था आएको बताइएको छ ।




पार्टी उपाध्यक्ष साहले पार्टी विभाजन गर्नेसम्मको हैसियत आफूमा नरहेको बताउदै भने, ‘पार्टीको अहिले बर्दिबासमा बैठक चलिरहेको छ सहभागीहरुलाई प्रश्न गरेका छन्, तपाईंहरू आफ्ना सन्तान वा आमाबुवालाई साक्षी मानेर खुलेर भन्नुहोस्, मैले तपाईंलाई कहिल्यै फोन गरेर जनमत पार्टी फोरौँ भनेको छु ?’ उनले आफूमाथि लगाएको आरोपबारे छलफल गर्न आग्रह गर्दै कसैलाई फोन गरेको भए हरेक कार्वाही भोग्न तयार रहेको बताए ।

यादवले पनि आफूमाथि लगाइएको आरोप निराधार र आर्थिक अपचलनको आरोप लगाइएकामा सत्य नभएको बताए । उनले भने, ‘पार्टीको संस्थापक भएकाले पार्टी निर्माणमा खुनपसिना बगेको छ, आफू इमान्दार र बाँकी बेइमान सोचले पार्टीलाई हित गर्दैन ।’ यादवले सबै आरोप बनावटी मात्रै भएको बताए ।

पार्टी प्रवक्ता डा.शरदसिंह यादवले कुनै पनि जीवन्त पार्टीमा स्पष्टिकरण सामान्य भएको र त्यसलाई अतिरञ्जित बनाउने कार्य गलत भएको बताए । उनले मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई समेत यसअघि स्पष्टिकरण सोधिएको बताउँदै धेरै नेतालाई सोधिएको र पार्टीलाई जवाफ चित्तबुझ्दो लागे पुरानै जिम्मेवारी दिइएको बताए । पार्टीले स्पष्टिकरण सोध्नै नहुने भन्ने नभएको उनको तर्क छ । यादवले पार्टी विधि र अनुशासनमा चल्ने भएकाले अतिरञ्जनामा नरमाउन नेताहरुलाई आग्रह गरे ।

## नागरिक उन्मुक्तिसँग एकीकरणका लागि जनमतको कार्यदल गठन

**मधेशदृष्टि**
**महोत्तरी ।**

आइतबार र सोमबार बर्दिबासस्थित पावन मिथिला होटलमा बसेको जनमत पार्टीको बैठकले रेशम–रञ्जिता चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीसँग एकीकरणका लागि समिति बनाएको छ । जनमतले विचार र सिद्धान्त मिल्ने पार्टीहरूसँग एकीकरण गर्नका लागि अब्दुल खान, डा. शरदसिंह यादव र बालगोविन्द चौधरी रहेको समिति निर्माण गरेको जनाएको छ ।

अध्यक्ष डा. सिके राउतको अध्यक्षतामा बसेको बैठकले संगठन विस्तारका लागि सदस्यता अभियान चलाउने, पार्टी प्रवेश कार्यक्रमलाई तीव्रता दिने, भ्रातृसंगठन गठनमा जोड दिने निर्णय गरेको छ ।

यस्तै, पार्टी नपुगेका वर्ग, समुदाय, उमेरसमूह, व्यवसाय समूह र क्षेत्रमा पुग्ने कार्यक्रम तय गर्ने भएको छ । पार्टीले सडक, सदन र सरकार तीनै मोर्चामा सशक्त उपस्थितिको तयारी गर्ने निर्णय गरेको छ ।

प्रदेशलाई अधिकार सम्पन्न, स्वायत्त र प्रभावकारी बनाउन आवश्यक ऐनकानून निर्माणमा पहल गर्ने जनमतको निर्णय छ । यस्तै, देशमा भइरहेको राजनीतिक प्रतिगामी ध्रुवीकरणप्रति सचेत भएर जनचेतना फैलाउने र संघीय लोकतान्त्रिक गणतन्त्र रक्षामा संगठन परिचालन गर्ने निर्णय गरेको छ । सरकारले ल्याएको राजनीतिक दलसम्बन्धी ऐन, दुई दलीय व्यवस्था लाग्ने किसिमको थ्रेसहोल्डसहितको प्रावधान, भूमि र नागरिकतासम्बन्धी अध्यादेशमा सचेत हुँदै प्रतिगामी कदममा विरोधमा उभिने जनमतको निर्णय भएको प्रवक्ता डा. शरद यादवले बताए ।

यस्तै, जनमतले तराई–मधेशको पानीको मूल तथा चुरे पर्वतको संरक्षणका साथै नलीनालाको अवैध उत्खनन रोक्न पहल गर्ने, सिरहाको रिंकु सदासहितको घटनाको संज्ञान लिँदै दलित, गरीब, पिछडिएका तथा निमुखा वर्गमाथि समाजमा भइरहेको निरन्तर दमन, शोषण र बलात्कारको विरुद्ध उभिने, ‘नौलो गणतन्त्र’का पक्षमा उभिने निर्णय गरेको छ ।

यस्तै, जनमतले मेचीदेखि महाकालीसम्म तराई–मधेशको मेरूदण्ड रहेको र राज्यबाट सँधै उपेक्षित रहेको हुलाकी राजमार्ग तथा त्यसमा रहेका पुल यथाशीघ्र सम्पन्न गर्न आवाज उठाउने भएको छ । तराई–मधेश फास्ट–ट्र्याक सम्पन्न गर्न र निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माणका विषयमा लबिङ गर्ने भएको छ ।

## एसईई मर्यादित नबनाए ठाउँको ठाउँ कारबाहीः मुख्यमन्त्री

शिक्षा विकास निर्देशनालयका अनुसार चैत ७ गतेदेखि मधेश प्रदेशको आठ जिल्लामा हुने एसइइ परीक्षामा ८८ हजार ८५८ परीक्षार्थी, परीक्षा केन्द्र सख्या ३ सय १२ तथा परीक्षामा सहभागी विद्यालय संख्या एक हजार २ सय ३१ तथा परीक्षामा खटिने कर्मचारीको संख्या १२ हजार २ सय ४२ र सुरक्षाकर्मीको संख्या चार हजार ५ सय ८० रहने छ ।

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहले चैत ७ गतेदेखि शुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइइ) मर्यादित तथा व्यवस्थित गराउन सम्बन्धित निकायले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् । उनले कसैबाट अनियमितता गरेको पाइए कानूनअनुसार कडा कारबाही हुने स्पष्ट पारेका छन् । मधेश प्रदेशको शिक्षा निर्देशनालय जनकपुरधामद्वारा सोमबार जनकपुरधाममा आयोजित माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०८१ सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा प्रदेशस्तरीय एकदिने अभिमुखीकरण कार्यक्रम उद्घाटन गर्दै उनले यस्तो निर्देशन दिएका हुन् । मधेश प्रदेशका आठ जिल्लामा परीक्षामा ८८ हजार ८ सय ५८ परीक्षार्थी रहेको जानकारी दिँदै मुख्यमन्त्री सिंहले परीक्षार्थीबाट परीक्षाहलमा मोबाइल फेला परे जफत गर्न निर्देशन दिए । साथै उनले माध्यमिक शिक्षाको केन्द्राध्यक्षको छनोटमा भेदभाव नराखी गोलाप्रथाबाट छनोट गर्न निर्देशन दिए ।

मुख्यमन्त्री सिंहले गुणस्तरीय शिक्षाका लागि परीक्षा पनि शान्तिपूर्वक तथा मर्यादित र भयरहित वातावरणमा सञ्चालन हुनुपर्ने बताउँदै बदमासी गरेको पाइए परीक्षामा खटिने शिक्षक तथा कर्मचारी समेतलाई कारबाही हुने स्पष्ट गरे । विगतमा माध्यमिक शिक्षा परीक्षामा हुने चिटचोरी तथा अमर्यादित अब नहुने र त्यस्तो भए सम्बन्धित सबै निकायलाई कारबाही हुने उनको भनाइ थियो ।

मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले विगतमा मधेशमा हुने गरेको माध्यमिक शिक्षा परीक्षामा चिटचोरीको इतिहास रोक्न सबैले सहयोग गर्नुपर्ने बताइन् । उनले परीक्षाहलमा फेला परेको मोबाइल जफत गर्न तथा फिर्ता नगर्न निर्देशनसमेत दिइन् । साथै यस वर्षको माध्यमिक शिक्षा परीक्षा मर्यादित बनाएर नमूनाका रुपमा उदाहरणीय बनाउनुपर्ने बताइन् ।

मधेश प्रदेशका प्रमुख सचिव मदन भुजेलले विभिन्न जिल्लामा भएको माध्यमिक शिक्षा परीक्षाबारे अनुभव सुनाउँदै मधेश प्रदेशमा चैत ७ गतेदेखि हुने परीक्षालाई जिल्ला शिक्षा इकाइका कर्मचारी तथा सुरक्षा निकायले गम्भीर भएर मर्यादित बनाउन आग्रह गरे । कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखको सहभागिता थियो । शिक्षा विकास निर्देशनालयका अनुसार चैत ७ गतेदेखि मधेश प्रदेशको आठ जिल्लामा हुने सो परीक्षामा ८८ हजार ८५८ परीक्षार्थी, परीक्षा केन्द्र सख्या ३ सय १२ तथा परीक्षामा सहभागी विद्यालय संख्या एक हजार २ सय ३१ तथा परीक्षामा खटिने कर्मचारीको संख्या १२ हजार २ सय ४२ र सुरक्षाकर्मीको संख्या चार हजार ५ सय ८० रहने छ ।

## अब राजतन्त्रको भ्रम नपाल्नूः पोखरेल

**मुकेश कुमार साह**
**रौतहट ।**

नेपालमा पुनःराजतन्त्रको बहस चलिरहेका बेला नेकपा एमालेका महासचिव शंकर पोखरेलले सडकमा उत्रनु राजावादीका लागि आवश्यक नरहेको स्पष्ट पारेका छन् । उनले संविधानमा उल्लेखित नीतिअनुसार पूर्वराजा ज्ञानेन्द्र शाहलाई पूर्व राष्ट्राध्यक्षको हैसियतले सम्मान प्रदान गरिएको बताउँदै अब अनावश्यक हल्ला गर्नुको कुनै औचित्य नरहेको धारणा राखे ।




सोमबार रौतहटमा आयोजित प्रेस चौतारी नेपालको दोस्रो प्रदेशस्तरीय अधिवेशनलाई सम्बोधन गर्दै महासचिव पोखरेलले नेपालको विकासमा राजतन्त्र बाधक सावित भएको जिकिर गरे । उनले भने, ‘पूर्वराजा ज्ञानेन्द्र शाहलाई संविधानमा उल्लेखित सेवासुविधा राज्यका तर्फबाट प्रदान गरिसकिएको छ । यति हुँदाहुँदै पनि संविधानको मार्गभन्दा बाहिर गएर राजावादीले अनावश्यक हल्ला गर्न जरुरी छैन । पृथ्वीनारायण शाहको योगदानलाई हामीले सम्मान गरेका छौँ, तर पछिल्लो शाहवंशीय राजाकै कारण नेपाल विकासमा पछाडि धकेलियो ।’

उनले लोकतान्त्रिक व्यवस्था नै जनमुखी भएको उल्लेख गर्दै अहिले शासन प्रणालीप्रति जनस्तरमा प्रश्न उठ्नुको कारण सरकारका विकास योजनाको पर्याप्त प्रचारप्रसार नभएको बताए । महासचिव पोखरेलले मधेशी समुदायको पहिलो रोजाइ अहिले एमाले नै भएको दाबी गरे । उनले मधेशमा एमालेप्रति विश्वास बढ्दै गएको उल्लेख गर्दै पार्टीले मधेशमा महत्वपूर्ण विकासका परियोजना अघि बढाएको स्पष्ट पारे ।

कार्यक्रममा नेकपा एमालेका मधेश प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठले सरकारका विकास गतिविधिलाई आमसञ्चार माध्यमले उचितरूपमा उठान नगरेको गुनासो गरे । उनले स्थानीयस्तरका सञ्चारमाध्यमले जनतालाई सही सूचना पुऱ्याउनुपर्नेमा जोड दिँदै एमाले सरकारका जनपक्षीय कार्यक्रमलाई प्रचार गर्नुपर्ने बताए । यसै, अवसरमा वरिष्ठ पत्रकार तथा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय कोषाध्यक्ष शीतल साहसहितका पत्रकार पुनः प्रेस चौतारी नेपालमा फर्किएका छन् । चौतारीमा पुनः सक्रिय पत्रकारलाई सम्मान गर्दै एमाले नेताहरूले संगठन थप मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा प्रेस चौतारीका नेताहरूले स्वतन्त्र पत्रकारिताको महत्वबारे चर्चा गर्दै प्रेस स्वतन्त्रताको पक्षमा दृढ रूपमा उभिने बताए । कार्यक्रममा मधेशका विभिन्न जिल्लाबाट पत्रकारको सहभागिता थियो ।

# १४ थान ह्विलचेयर र एक थान स्ट्रेचर सहयोग




**मधेशदृष्टि**
**वीरगंज ।**
केडिया आँखा अस्पताल परवानिपुरले आफ्नो ५० औं वार्षिक उत्सवको उपलक्ष्यमा बारा जिल्लाको विभिन्न पालिकाको शारिरिक अपाङ्गता भएका १४ जना व्यक्तिहरुलाई जनही एक थान ह्विलचेयर र एक थान स्ट्रेचर प्रदान गरेको छ । कलैया उपमहानगरपालिकाको ३जना, महागढीमाई नगरपालिकाको २ जना, सिम्रौनगढ नगरपालिकाको १ जना र आदर्शकोतवाल गाउँपालिकाको ८ जना गरि १४ जनालाई ह्विलचेयर र आदर्श कोतवाल गाउँपालिका निवासी अपाङ्ग महासङ्घका सदस्य सुनिल कुमार यादवलाई स्ट्रेचर प्रदान गरेको हो । समाजिक अभियन्ता प्रकश थारुको पहलमा यि शारिरिक अपाङ्गता भएको व्यक्तिहरुको घर घरमा पुगि यकिन गरि ह्विलचेयर उपलब्ध गराईएको छ । केडिया आँखा अस्पतालको प्रतिनिधि भरत ठकुर, सुशील पटेल, स्थानीयहरुको उपस्थितिमा एक कार्यक्रमबीच ह्विल चेयर तथा स्ट्रेचर हस्तान्तरण गरिएको हो ।

# सकरपुरामा आगलागी



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–३ सकरपुरामा आइतबार राति भएको आगलागीमा चार घर जलेर खरानी भएको छ । स्थानीय नयनी यादवको घर नजिकै बालिएको परालको घुरबाट सल्केको आगो फैलिएर नयनी यादवको दुई घरका साथै छिमेकी गोकर्ण मुखिया र लखन मुखियाको घर पनि खरानी बनाएको हो । प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाका अनुसार आगलागीमा ३३ लाख ७० हजार रुपैयाँ बराबरको सम्पत्ति नष्ट भएको प्रारम्भिक अनुमान छ । राति ९ बजेतिर शुरु भएको आगलागीमा ६ चौपाया समेत जलेर मरेका छन् । रातिको समयमा सबै सुतिरहेका बेला अचानक फैलिएको आगोले केही समयमै ठूलो क्षति पुर्‍याएको वडा अध्यक्ष रमेश मुखियाले बताए । आगलागी नियन्त्रणमा लिन राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिकाको बारुणयन्त्रका साथै सशस्त्र, नेपाल प्रहरी र स्थानीयवासी जुटेका थिए । एक घण्टाको प्रयास पश्चात् आगो नियन्त्रणमा लिइएको थियो । आगलागीमा घर जलेका पीडितहरु खुला आकाशमुनि बास बसिरहेका छन् । अघिल्लो दिन मात्र सप्तरीको डाक्रेश्वरी नगरपालिका–७ मा वडा अध्यक्ष शत्रुधन मण्डलको घरमा आगलागी भई ८ लाख ७० हजार रुपैयाँ बराबरको क्षति भएको थियो ।

# पाँच वृद्ध अगुवाद्वारा आमरण अनशन



**मधेशदृष्टि**
**राजविराज ।**
मलाह समुदायको हक अधिकारलगायत विभिन्न २० बुँदे माग राखेर सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिकास्थित कोशी बाँधमा विगत एक महिनादेखि जारी रिले अनसन सोमबारदेखि आमरण अनशनमा परिणत भएको छ ।

माघ २६ गतेदेखि कोशी बाँधमा थालिएको रिले अनशन एक महिना पूरा भइसक्दा पनि सरकारले माग सम्बोधनमा कुनै चासो नदेखाएको भन्दै सोमबारदेखि आमरण अनशन थालिएको नेपाल मलाह कल्याण संघले जनाएको छ । अध्यक्ष नारायण मुखियाका अनुसार संघका केन्द्रीय सदस्य ६५ वर्षीय बेचन मुखियाको नेतृत्वमा ५ जना आमरण अनशन बसेका हुन् । आमरण अनशन बस्ने पाँचै जना ६० वर्ष भन्दा माथि उमेरका छन् । ७५ वर्षीय बिलेक्षण मुखिया, ७० वर्षीय रशीलाल मुखिया, ६४ वर्षीय पञ्चलाल मुखिया र ६१ वर्षीय सदमलाल मुखिया आमरण अनशनमा बसेका हुन् । संघले सप्तरी–सुनसरी बीच सीमामा कोशी ब्यारेज सडक खण्डमा चैत २७ गते आधा घण्टा तथा वैशाख ५ गतेदेखि अनिश्चितकालीन चक्काजाम लगायतका आन्दोलन घोषणा गरेको छ ।

# नवनिर्मित भवन उद्घाटन

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आईजीपी) बसन्त कुवरले जिल्ला प्रहरी कार्यालय रौतहटको नवनिर्मित भवन तथा अन्य भौतिक संरचनाहरुको उद्घाटन गरेका छन् । एक विशेष समारोहका बीच प्रहरी महानिरीक्षक कुँवरले कार्यालयको प्रशासनिक भवनसहित विभिन्न पूर्वाधारहरुको उद्घाटन गरेका हुन् । जिल्ला प्रहरी कार्यालयको नयाँ प्रशासनिक भवन, ब्यारेक, हिरासत कक्ष, सैलुन, चमेना गृह तथा स्वागत कक्षको समुद्घाटन गरिएको हो ।

प्रहरी सेवाको प्रभावकारिता बढाउन र प्रहरी कर्मचारीलाई सहज वातावरण प्रदान गर्नका लागि अत्याधुनिक सुविधासहितका यी संरचनाहरू निर्माण गरिएको महानिरीक्षक कुँवरले बताए । उद्घाटन समारोहमा प्रहरी महानिरीक्षक कुवरले प्रहरी संगठनको सुदृढीकरणमा भौतिक पूर्वाधारको महत्त्वपूर्ण भूमिका हुने उल्लेख गर्दै नागरिकमैत्री सेवा प्रवाहमा तीव्रता ल्याउन निर्देशन दिए ।

# द्वन्द्व फैलाउन आन्दोलनः साह




**राकेश यादव**
**रौतहट ।**
गौर नगपालिकाका नगर प्रमुख शम्भु साह कानूले गौरमा भइरहेको आन्दोलन खाएको पैसा पचाउन भइरहेको टिप्पणी गरेका छन् ।
नारी चेतना महिला कृषक सहकारी संस्थाले गौर नगरपालिकाको सभाहलमा ११५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसमा गरेको कार्यक्रममा मेयर साहले गौर राइस आयल एन्ड फ्लोर मिल्सका नाममा दर्ता जग्गा बिक्री गराउने कार्यमा सञ्चालक समितिसँग लिएको रकम फिर्ता गर्न नपरोस् भन्ने केही पूर्व जनप्रतिनिधि आन्दोलनमा नाममा द्वन्द्व फैलाउन लागिरहेको अरोप लगाए ।
वर्षौंदेखि विवादमा रहेका राइस मिलको जग्गा सञ्चालक समितिले करिब ३० करोड रुपैयाँ भन्दा बढी मूल्य भएको २ बिघा १५ कट्ठा जग्गा खेलखुद मैदानका लागि निशुल्क दान दिन लागेकामा त्यसलाई अबरोध गर्ने उद्देश्यले आन्दोलन गर्न लागिएको कटाक्ष गरे । राइस मिलका सञ्चालक समितिले पूर्व नगरप्रमुख अजय कुमार गुप्तालाइ उनको होटल सिया पैलेसमा २० लाख र पेट्रोल पम्पमा ६० लाख रुपैयाँ दिएको भिडिओमार्फत सार्वजानिक गरेको अवस्थामा पनि केही प्रतिक्रिया नदिएर चुप लागेर बस्नुको अर्थ के हो भनेर साहले प्रश्न गरे ।

# रामादानमा खाद्यान्न सहयोग




**आरके श्रीवास्तव**
**रौतहट ।**
गुजरा नगरपालिकाको कनकपुरमा रामादानको अवसर पारेर खाद्यान्न सामग्री सहयोग गरिएको छ । तुर्कीको संस्कृति तथा पर्यटन मन्त्रालयको सहयोग तथा समाज उत्थान युवा मञ्च नेपालको सहकार्यमा खाद्यान्न सामग्री वितरण गरिएको छ । गुजरा नगरपालिका वडा नम्बर ४ मा ९० घरपरिवारलाई खाद्यान्न सामाग्री वितरण गरिएको छ । नेपाली कांग्रेस क्षेत्र नम्बर ३ का सहसचिव एवम् नेपाल मुस्लिम संघका केन्द्रीय सदस्य साबिर हुसेनको प्रयासमा गरिब, विपन्न परिवारले दैनिक उपभोग्य खाद्यान्न सामग्री सहयोग पाएका हुन् ।
ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका परिवारलाई राहतस्वरुप खाद्यान्न वितरण गरिएको हो । युवा नेता हुसेनले सहयोग प्रदान गराउन पाँउदा खुसी महशुस भएको बताए । खाद्यान्न पाएपछि स्थानीय नेआज देवानले भने, 'अहिले हाम्रो पवित्र महिना रामादान चलिरहेको छ ।
आवश्यक परेको बेला सहयोग गर्ने सहयोगी संस्थालाई धन्यवाद छ ।' अर्का स्थानीय समसेर आलमले खाद्यान्न सामग्री पाएपछि खुशी व्यक्त गरे ।

# १२ जना फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट प्रहरीले अदालतबाट भएको जरिवानको रकम नतिरेका १२ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।
अदालतबाट जरिवाना भएको रकम १२ हजार १५० रुपैयाँ नतिर्दा १२ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।
विभिन्न मितिमा अदालतबाट भएको फैसला पश्चात जरिवाना रकम नतिरी फरार भएका प्रतिवादीहरुलाई पक्राउ गरिएको रौतहट प्रहरी प्रवक्ता दीपककुमार रायले बताए । प्रहरीले कुटपिट मुद्दाका ६ जना र घरेलु हिंसा मुद्दाका ६ जनालाई पक्राउ गरेको जानकारी दिएको छ । फरार १२ जना प्रतिवादीहरुले अदालतबाट भएको जरिवाना मात्रै नतिर्दा पक्राउ गरिएको प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ । अदालतबाट २५ रुपैयाँदेखि लिएर बढीमा घरेलु हिंसाका प्रतिवादीहरुलाई ३ हजारको जरिवाना गरिएको फैसला छ । प्रहरी नियन्त्रणमा रहेका सबै फरार प्रतिवादीहरुलाई थप कारबाहीका लागि जिल्ला अदालत रौतहटमा बुझाइएको प्रहरीले जारी गरेको विज्ञप्तिमा लेखेको छ ।

# टाटाको तीन नयाँ गाडी लन्च

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
टाटा मोटर्सको नेपालका लागि एकमात्र आधिकारिक वितरक सिप्रदी ट्रेडिङले जनकपुरधाममा तीन नयाँ गाडी लन्च गरेको छ । जनकपुरधामस्थित गिरिजा अटोमोबाइलमा नेपालमा हालै लन्च भएको बहुप्रतिक्षित गाडी कर्भ इभि, नेक्सन के ३ र टाटा सफारी लन्च गरिएको हो । सिप्रदी ट्रेडिङका प्यासेन्जर भेहिकलका बिजनेस युनिट प्रमुख सावन्तजंग सिजापतिले जनकपुरधाममा टाटाका नयाँ गाडी लन्च गर्न पाउँदा अत्यन्त उत्साहित भएको बताए । ग्राहकले टाटाको इभि २७ लाख देखि ५६ लाख रुपैयाँसम्मामा रोज्न पाउने बताइएको छ । अनुकुल बजेटमा एसयुभीको आनन्द खोज्ने ग्राहकले पन्च इभी रोज्न सक्ने तर टाढा याला गर्ने ग्राहकले नेक्सन के ३ इभि रोज्न सक्ने उनको भनाई थियो । गिरिजा अटोमोबाइल्सका सञ्चालक गुड्डु जैनले जनकपुरमा टाटा इभिको बढी रेञ्ज भएको गाडीको अभाव देखिएको समयमा कर्भ इभि र नेक्सन के ३ इभिले त्यो आवश्यकता पूर्ति गरेको प्रतिक्रिया दिए । टाटा मोटर्सका लागि नेपालका कन्ट्री म्यानेजर प्रसन्न रंगनाथन र मारवाडी सेवा समितिका अध्यक्ष निर्मल चौधरीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । टाटाका नयाँ गाडीको रिजनल लन्च वीरगंजमा पनि हुन लागेको छ ।

# वुमन्स डे कपमा नेपाल हङकङसँग पराजित



**मधेशदृष्टि**
**वीरगंज ।**
युगाण्डामा जारी वुमन्स डे कप टी–२०आई प्रतियोगिताको आफ्नो तेस्रो खेलमा नेपालले हङकङसँग हार व्यहोरेको छ । नेपाल हङकङसँग २ रनले पराजित भएको हो । हङकङले दिएको १०१ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ७ विकेट गुमाएर ९८ रन मात्र बनाउन सक्यो । कप्तान इन्दु बर्माले सर्वाधिक ३२ रन बनाउँदै १९औं ओभरको अन्तिम बलमा आउट भएकी थिइन् । अन्तिम ओभरमा जितका लागि १० रन आवश्यक रहँदा नेपालले ७ रन मात्र जोड्न सक्यो । पुजा महतोले १९ तथा बिन्दु रावलले १४ रन बनाइन् । हङकङका लागि मारिको हिलले २ तथा सिउ मे वाइ र चान या किनले १–१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको हङकङले नेपालसामु १०१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । हङकङले २० ओभरमा ७ विकेट गुमाएर १०० रन बनाएको हो । हङकङका लागि कप्तान नताशा माइल्सले सर्वाधिक ३५ रन बनाइन् । मारिको हिलले २१ रन बनाइन् । नेपालका लागि ईश्वरी विष्ट र कप्तान इन्दु बर्माले २–२ विकेट लिँदा रचना चौधरी र पुजा महतोले १–१ विकेट लिए ।
यसअघि शनिबार भएको पहिलो खेलमा नामिबियासँग पराजित भएको नेपालले आइतबार युगाण्डालाई हराएको थियो । हङकङले भने सुरुवाती खेलमा युगाण्डासँग पराजित भएपनि नामिबियालाई दोस्रो खेलमा हराएको थियो ।

# चुरे तथा वन जंगल संरक्षण समिति गठन




**मधेशदृष्टि**
**रौतहट ।**
चुरे तथा वन जंगल संरक्षण समिति गठन भएको छ । अभियन्ता नन्दकिशोर रामको अध्यक्षतामा चन्द्रपुर नगरपालिका वडा नम्बर ५ मा बसेको बैठकले ११ सदस्यीय जिल्ला कार्य समिति बनाएको हो ।
समितिमा अध्यक्ष अमीरी सहनी, उपाध्यक्ष दिलिप कुमार चौधरी, सचिव रामानन्द माझी, सहसचिव निरश कुमार गुप्ता, कोषाध्यक्ष अरुण कुमारी दास चयन भएका छन् । सदस्यहरुमा नविन कुमार चौधरी, रामकल्याण ठाकुर, गिता कुमारी राम, भूपेन्द्र चौधरी र सुर राम छन् । चुरे तथा वन जंगल जोगाउन, देश र मधेशलाइ मरुभूमि हुनबाट बचाउन समिति गठन गरिएको अभियन्ता रामले जानकारी गराए । मधेश प्रदेशको बारा,पर्सा र रौतहटमा जिल्ला कमिटि निर्माण भइसकेको छ ।

# मध्यमा परिक्रमाः गुञ्जदै होरी गीत, रङ्गिंदै माटो

**मधेशदृष्ट**
**महोत्तरी ।**
मध्यमा परिक्रमाका यात्री जहाँ पुग्छन्, त्यहाँ होलीमय परिवेश बन्छ । नाच्दै, झुम्दै अघि बढेका यात्री होरीगीत र सीताराम नाम सङ्कीर्तनमा मस्त देखिन्छन् । यात्राको आठौँ दिन महोत्तरीको कञ्चनवनमा 'होरी' खुलेपछि यात्रा झन् उत्सवमय बनेको छ । 'मिथिलामें राम खेलैय होरी हो, मिथिलामें' यी बोलका गीतसँगै झुमेका यात्री एकआपसमा रङ्गअबिर छ्यापाछ्याप गर्न पछि पर्दैनन् ।




'किनकाके हात कनक पिचकारी, किनकाके हात अबिर झोरी !' (कसको हातमा सुनौलो रङ् छेप्ने पिचकारी छ ? अनि कसको हातमा अबिरको झोला ?) यात्रीमध्येकै एक समूहबाट गीतमै प्रश्न तेर्सिन्छ । अनि अर्को समूहले गीतबाटै जवाफ फर्काउँछ, 'रामजीके हात कनक पिचकारी, सीयाजीक हात अबिर झोरी' (रामजीका हातमा सुनौला पिचकारी छ अनि सीताजीका हातमा अबिरको झोला) हो.., मिथिलामें राम खेलैय होरी हो मिथिलामें । फागु गीत आफैँ शृङ्गार रसका हुन्छन्, अनि त्यसमा गवैया (गाउने)को मनमस्तपन मिसिँदा अहिले मिथिला माध्यमिकी परिक्रमाको यात्रा होलीमय बनेको छ । सब नाच्दा छन्, यात्रीले एकआपसमा छ्याछ्याप गरेका रङ्गअबिरले मान्छेमात्र हैन, माटो रङ्गिएको छ । स्वरमा स्वर मिसिएका छन्, लयमा लय, 'होरी खेले रघुवीरा सीयासँग, होरी खेले रघुवीरा !'

यात्राका सात दिनसम्म भक्तिमा डुब्ने यात्री महोत्तरीको कञ्चनवनमा होलीमहोत्सवमा सरिक भएपछि रङ्गिन बन्छन् । यात्रा अवधिका सबै विधि र व्रत अवलम्बन गरिरहेपनि कञ्चनवनले थपेको होलीमय परिवेशले बाँकी यात्रा नाचगान र रङ्गअबिर खेलिँदै रमाइलोमा बित्ने यात्रीमध्येका महोत्तरीसँगै जोडिएको भारतीय सीमावर्ती गाउँ डिमाहीका हनुमान शरण दास बताउँछन् ।

फागुन औँसीका दिन शुरु भएर लगातार १५ दिनको यात्राको अठोट । टाउकोमा सामल–खाजा र एकसरो फेरफार लुगाको मोटरी (पोको), वाणीमा जय सीयारामको लय । नाङ्गा खुट्टा, परिचित÷अपरिचित हजारौँ सहयात्री । कल्याण र मोक्षको कामना, १५ दिने मिथिला माध्यमिकी परिक्रमाको अध्यात्मिक यात्रा । यात्रु भन्छन्, 'माथ में मोटरी, मन में सीयाराम !' (टाउकोमा सामल खाजाको पोका, मनमा सीतारामप्रति श्रद्धा, भक्ति र समर्पणको भाव) । आठौँ दिनपछि होलीको रमाइलो । गुञ्जदै होरीगीत, रङ्गिंदै माटो ।

यात्रामा महोत्तरीको कञ्चनवनमा विहारकै क्रममा श्रीराम र सीताजीले रङ्ग, अबिर खेलेका विश्वासमा यात्री एकआपसमा रङ्ग, अबिर खेलेर फागु पर्व मनाउने गर्छन् । वसन्तपञ्चमीका दिनदेखि फागु पर्वको सुरुवात मानिएपनि मैथिल परम्परामा कञ्चनवनमा रङ्ग, अबिर खेलेपछि नै फागु विधिवत सुरु हुन्छ । रासस

# तराई मधेश महिला फाउन्डेशनले मनायो होली मिलन समारोह



**मधेशदृष्टि**
**सप्तरी ।**
तराई मधेश महिला फाउन्डेशनले शुभकामना आदान प्रदान गर्दै होली मिलन समारोह मनाएको छ । सप्तरिको तिलाठि कोईलाडी वडा नम्बर–६ बभनगमा टोल स्थित राधाकृष्णको मन्दिर प्राङगनमा होली मिलन समारोह एवम् शुभकामना आदान– प्रदान कार्यक्रम मनाइएको छ ।

कार्यक्रममा तराई मधेश महिला फाउन्डेशन नेपालका अध्यक्ष सुनिता साह क्रान्तिले होली पर्व असत्य माथि सत्यको विजयको प्रतीक भएको बताइन् । होलीको यो पवित्र पर्वले हामीलाई नराम्रो कुराहरूलाई पछाडि छोडेर फेरि नयाँ जीवन शुरु गर्न सिकाउँने उनको भनाई छ । साहले होली पर्वको सामाजिक महत्व बढेको बताउँदै यो पर्व भारतमा प्राचीन कालदेखि नै मनाइँदै आएको छ र यो रंगहरूले भरिएको पर्व रहेको बताइन् ।

कार्यक्रममा अध्यक्षले होली मानिसको जीवनलाई रंगीन बनाउन र आपसी सम्बन्धलाई बलियो बनाउनको लागि एक महत्त्वपूर्ण पर्वको रुपमा मानिएको बताइन । कार्यक्रममा विभिन्न व्यक्तित्वहरु उपस्थिति भई होली पर्वको महत्त्व सम्बन्धमा आ–आफना मनतब्य व्यक्त गरेका थिए । कार्यक्रममा धर्म परिवर्तन गरेर एक महिला कृश्चियन धर्म अपनाई रहेकाले सो धर्म परित्याग गरि पुनः आफनै हिन्दू धर्म अपनाएकोमा अध्यक्ष साह खुसी व्यक्त गरिन् । कार्यक्रममा तिलाठि कोईलाडि वडा नम्बर –६ का निवर्तमान वडा अध्यक्ष जिवछ यादव, राजविराज नगरपालिका वडा नम्बर १४ का वडा सचिव चेतनारायण यादव, सामाजिक अभिन्यता प्रमोद शर्मा, अधिकारकर्मी मन्जु साह लगायतका वक्ताहरुको उपस्थिति रहेको थियो ।

तराई मधेश महिला फाउन्डेशन नेपालका अध्यक्ष सुनिता साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा युवाहरुलाई टि–शर्ट सहित वितरण गरेर एकअर्कालाई अबिर लगाउँदै होली मिलन समारोह मनाएका थिए ।

# चिनी उद्योगलाई फागुनमै उखु अभाव

**मधेशदृष्टि**
**महोत्तरी ।**
एक दशकअघिसम्म वैशाखसम्म चिनी उच्पादन गर्ने उद्योगलाई अहिले फागुनमै उखु अभाव खेप्नु परेको छ । महोत्तरीको गौशाला–१ रामनगरस्थित एभरेष्ट सुगर ऐण्ड केमिकल इण्डष्ट्रिज(बोलीचालीमा एभरेष्ट चिनी उद्योग, एभरेष्ट चिनी मिल) लाई यसपालि क्रसिङ व्यस्त हुनपर्ने फागुनमै उखु अभाव खेप्नु परेको छ । एक दशकअघिको तुलनामा खेती निकै घटेपछि उद्योगमा चाँडै उखु अभाव भएको हो । एकदशक अघि जिल्लामा १५ हजार बिघा नाघेको उखुखेती पछिल्ला चार/पाँच वर्षयता ओरालो लाग्दै अब आठ हजार बिघाको सेरोफेरोमा आएको छ । यो पनि पछिल्ला तीन वर्षयता उद्योगले उखुको भुक्तानी क्रमशः सहज बनाउँदै लगेपछि बढेको खेतीले अहिले आठ हजार बिघा पुगेको उखु उत्पादक किसान सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवावाहा बताउँछन् । तीन वर्षअघि जिल्लामा खेती झरेर पाँच हजार बिघामा ओर्लेको कुशवाहा सम्झन्छन । 'उखुको उचित मूल्य नपाउँदा र भुक्तानी पनि वर्षौं पर्खनुपर्दा किसान आजित भएर खेती छोड्दै गएका हुन्', कुशवाहा भन्छन्, 'पछिल्ला तीन वर्षयता उद्योगले भुक्तानी सहज बनाएपछि केही बढेर अहिले आठ हजार बिघाको सेरोफेरोमा खेती पुगेको हो ।' यद्यपि मूल्य उचित तरिकाले नतोकिँदा किसानको मन मरेको उनको भनाइ छ । वैशाखसम्म उखु क्रसिङ् हुने उद्योगमा अहिले फागुनमै उखु अभावले पूर्ण क्षमतामा क्रसिङ् हुनसकेको छैन । यसपालि गत मङ्सिर २६ गते क्रसिङ् सुरू भएको उद्योगमा 'नो क्यान' (उखु अभाव) ले कैयौँ दिन क्षमता घटाएर क्रसिङ् गर्नुपरेको उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला बताउँछन् । 'हामीले उखु नपुगेर यसबीचमा २३ दिन क्षमता घटाएर क्रसिङ् गरेका छौँ, यस अवधिमा एक सय ३५ घण्टा उत्पादन रोक्नुपरेको छ', शुक्ला भन्छन्, 'आजभोलि तीन दिन उखु जम्मा गरेर रातको समयमा १० घण्टाजति मात्र चिनी उत्पादन गर्दै आएका छौँ ।' किसानलाई चाँडै उखु दिन सार्वजनिक अपिल नै गरिए पनि खासै आपूर्ति बढ्न नसकेको उनको भनाइ छ ।

फागुनमै उद्योगलाई उखु अभाव हुनुमा खेती घट्नु, किसानले उखु आफैँ पेल्नु र विभिन्न जिल्लाका उद्योगले उखु खरिद गरेर लानु मुख्य कारण हुन् । सङ्घका अध्यक्ष कुशवाहा भने मुख्य कारण खेती घट्नुलाई मान्छन् । 'मुख्य कुरा खेती घट्नु नै हो, चिनीको मूल्य, खेतीको लागत र विभिन्न सामानको मूल्यवृद्धिको अनुपात मिलाएर उखुको मूल्य निर्धारण हुँदैन", कुशवाहा भन्नुहुन्छ, "यसपालि हामीले उखुको मूल्य न्यूनतम सात सय ५० रुपैयाँ हुनपर्ने माग गरेका थियौँ, तर सरकारले गत वर्षको मूल्यमा प्रति क्वीन्टल २० रूपैयाँमात्र बढाएर झारा टारेको छ, यसले खेतीमा किसानको उत्साह जाग्न सकेन ।' गत वर्ष उद्योगले दिने उखुको मूल्य ५६५ रुपैयाँ प्रति क्विन्टल थियो । यसबाहेक सरकारले प्रति क्विन्टल ७० रुपैयाँको अनुदानबापत दिनेछ ।

उखुको मूल्य निर्धारण गरिँदा कमसेकम अहिलेको मूल्यवृद्धिलाई र चिनीको बजार मूल्यलाई ख्याल गरिनुपर्ने किसानको माग छ । यस्तो हुन नसक्दा किसान र उद्योग दुवै मर्कामा पर्दै आएका कुशवाहाको भनाइ छ । उखुखेतीका लागि जिल्लाको अधिकांश भागको माटो र हावापानी उपयुक्त भए पनि मूल्यकै कारण किसानले खेती बढाउन जाागर नदेखाएका उनको ठम्याइ छ । रासस

# मुर्लीमा होली मिलन समारोह सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र श्रीपुर मुर्लीको आयोजनामा होली मिलन समारोह सम्पन्न भएको छ ।

केन्द्रको कार्यालय परिसरमा आयोजना गरिएको कार्यक्रममा उपस्थित सहभागीहरूले एकआपसमा रंग, उल्लास र प्रेमका साथ होलीको शुभकामना आदानप्रदान गरेका थिए । सामुदायिक सेवा केन्द्रका अध्यक्ष राम सर्राफको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्र, सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका सशस्त्र प्रहरी नायब उपरीक्षक नरेन्द्र सिंह धामी, प्रेस सेन्टर मधेश प्रदेशका अध्यक्ष निरज पिठाकोटे मगर लगायतको उपस्थिती रहेको थियो । प्रमुख जिल्ला अधिकारी अर्यालले समुदाय र प्रहरीबीचको सम्बन्ध सुदृढ बनाउन तथा समाजमा शान्ति, सुव्यवस्था र आपसी सद्भाव कायम गर्न यस्ता कार्यक्रमहरू महत्वपूर्ण हुने बताए ।

# को–अपरेटिभ म्यानेजर्स क्लबले मनायो होली मिलन



**मधेशदृष्टि**
**वीरगंज ।**
को–अपरेटिभ म्यानेजर्स क्लब पर्साले हिन्दू धर्मावलम्बीहरुको महान पर्व होलीको शुभकामना आदान प्रदान गरी रंगल खेलेर होली मिलन समारोह मनाएको छ ।

क्लबको सभाहलमा सोमबार एकअर्कासँग रंगको पर्व होलीको शुभकामना आदान प्रदान गरी होली मिलन गरेको क्लबका सचिव प्रदीप कुमार लोहारले बताए ।

क्लबका अध्यक्ष रविभूषण श्रीवास्तवको सभापतित्वमा गरिएको होली मिलन कार्यक्रममा प्रमुख अतिथिका रुपमा सहकारी संघ पर्साका सचिव जिष्णु बराल, क्लबका संस्थापक अध्यक्ष संजय कुमार महतो, राष्ट्रिय सहकारी बैंक लिमिटेड पर्साका शाखा प्रमुख कार्यक्रम संयोजक दिपेन्द्र श्रेष्ठ, क्लबका उपाध्यक्ष रामबाबु चौधरी, सचिव प्रदीप कुमार लोहारसाथै क्लबका सम्पूर्ण सदस्यको उपस्थिति रहेको थियो ।

# नवप्रवेशी खानलाई माओवादी केन्द्र पर्साले गर्यो कारवाही

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा माओवादी केन्द्र पर्साले नवप्रवेश पार्टी सदस्यलाई करवाही गरेको छ । पार्टीका नवप्रवेशी सदस्य अरमान खानलाई करवाही गरेको हो ।

नव प्रवेशी अरमान खानले छिपहरमाई गाउँपालिकामा भएको बैठककै समयमा पार्टी गोपनीयता भङ्ग गर्दै लाइभ भिडियो कल मार्फत सुराकी गर्ने गम्भीर अनुशासनहीन कार्य गरेकोले कारवाही गरेको जिल्ला इञ्चार्ज विजय महतोले जानकारी दिए । पार्टी अनुशासन, विचारधारा तथा संगठनमाथि गम्भीर प्रहार गरेको पुष्टि भएको हुँदा, साधारण सदस्य समेत नरहने गरी पूर्ण रूपमा पार्टीबाट निष्कासन गरिएको उनले बताए ।

# दिगो वन व्यवस्थापन सुदृढीकरणका लागि तालिम

**मधेशदृष्टि**
**सिरहा ।**
डिभिजन वन कार्यलयले दिगो वन व्यवस्थापन तथा संवद्र्धन प्रणाली सुदृढीकरणका लागि यहाँका छवटा सब–डिभिजन कार्यालय र १० सामुदायिक वनका गरी ३० कर्मचारीलाई तीनदिने तालिम दिन शुरु गरेको छ ।

सोमबारदेखि शुरु भएको तालिमको डिभिजन वन कार्यालयका प्रमुख शैलेन्द्रकुमार मिश्रले उद्घाटन गर्दै वनको अवस्था सुधार गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताए ।

तालिमको प्रशिक्षण वनविज्ञ कृष्णप्रसाद यादवले दिने जनाइएको छ । यसअघि गत माघमा पनि कार्यालयले वनसँग जोडिएका मुद्दा त्रुटिरहित बनाउन आफ्ना कर्मचारीलाई जिल्ला अदालतका न्यायाधीशबाट तीनदिने तालिम दिइएको जिल्ला डिभिजन वन कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीले जानकारी दिए ।

# बृहत रक्तदान कार्यक्रम सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
विगत दुई वर्षदेखि उत्कृष्ट सेवा प्रदान गर्दै आएको हिलिङ टच स्पा एन्ड सलोनले आफ्नो दोस्रो वार्षिक उत्सवको अवसरमा बृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

वीरगंजको लोहारपट्टी रोडस्थित आरबी कम्प्लेक्सको पाँचौँ तल्लामा कार्यक्रमको आयोजना गरिएको हो । संचालक रोशन गुप्ताको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा ३ महिलासहित ५४ जनाले रक्तदान गरेका थिए ।कार्यक्रममा प्रमुख अतिथि पर्सा जिल्ला प्रशासन कार्यालयका प्रमुख गणेश अर्यालको आतिथ्यमा एवम् विशिष्ट अतिथिमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी गौतम मिश्र, सशस्त्र प्रहरीका प्रमुख एसपी राधेश्याम धिमाल, नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति बृजकिशोर पटेल, उधोग बाणिज्य संघ पर्साका अध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष माधव राजपाल, धिरज दारुका, डा.निरज सिंह, डा.रमेश अग्रवाल, पत्रकार अभिलाष गुप्ता लगायतको सहभागिता रहेको थियो ।

सम्पादकीय

# व्यवस्थामा अव्यवस्थाले मुठभेडतिर मुलुक

*पश्चिम नेपालका केही जिल्ला, धार्मिक पीठ घुमेर, सर्वसाधारणसँग साक्षात्कार भएर पूर्वराजा ज्ञानेन्द्र शाह आइतबार काठमाडौँ फर्किए । काठमाडौँ फर्कँदा पूर्वराजाका पक्षमा, गणतन्त्रका विपक्षमा एउटा जनसागर सडकमा देखियो । सर्वसाधारणसँग साक्षात्कार हुँदै रमाउँदै विमानस्थलबाट पूर्वराजा घर पुगे। उनको स्वागतमा राप्रपाले जनता उतारेको थियो । दुर्गा प्रसाईंका समर्थक पनि स्वतस्फूर्तरुपमा उत्रिए र कमल थापा पक्षधर राजावादी पनि थिए । यसरी देशमा राजावादी समूहको विशाल परेड सडकमा उत्रियो। यो कुनै आन्दोलन थिएन, सत्ता कब्जाको योजना थिएन, रक्तपातपूर्ण मुठभूडको रिहर्सल पनि थिएन । तर सोमबार मात्रै माओवादीको बैठक बस्यो र भन्यो, सरकारी रवैयाले राजावादी हौसिए। आफ्नै गठबन्धनसँग जनमत र जसपा नेपाल असन्तुष्ट छ । अर्कातिर नेकपा एकीकृत समाजवादी पार्टीले चैत १ गतेदेखि आन्दोलन गर्ने भएको छ । राप्रपा महामन्त्री धवलशमशेर राणाले पनि चैत १ गतेदेखि राजा ल्याउने आन्दोलन निर्णायक ढंगले गर्ने घोषणा गरेका छन् । समग्रमा व्यवस्था कमजोर बनाउने काममा सबै लागेका छन् । गणतन्त्र सबैभन्दा निकम्मा बनाउने काममा दलहरु लागे भने गणतन्त्रले अब देशको उन्नति गर्दैन भनेर अनेक नराम्रा आंकडा देखाउने काममा राजवादी लागेका छन्। जे होस्, देशमा केही न केही हुने संकेत देखिन्छ, तर देशहितमा शान्तिपूर्ण होला कि नहोला ?*

*एकाएक राजनीतिक दलहरु जुर्मुराएका छन् । देशमा राजावादी समूहको बढ्दो चलखेल र यसले निम्तने अप्रिय अवस्थाको सायद दलहरुलाई बोध हुन थालेको छ । जबकि पूजापाठमा, घुमघाममा बाहेक पूर्वराजा ज्ञानेन्द्र शाह कतै गएका छैनन् । दलहरु जसरी गुटका बैठक गर्दैनन्। केही बोल्दैनन्। सबैले राजा चाहियो भन्दा पनि पूर्वराजा म तयार छु भनेर आइसकेका छैनन्। तर दलहरुलाई ज्वरो किन आउँछ ? कहिले भन्छन्, पार्टी खोलेर आउ र चुनाव जित, कहिले भन्छन्, पुराना घाउ उप्काइदिउँ ? व्यवस्था होइन व्यवस्थापक खराब हो। तर जनता तिनै खराबलाई निमिट्यान्न पार्न सक्दैनन् । त्यसैले लगातार एउटै अनुहारका शासक दोहोरिरहेका छन् । तिनले केही गर्न सक्दैनन्। सत्तामा पुगेर पनि केही गर्न नसक्ने भएपछि जनतामा वितृष्णा छ । उनीहरुलाई पाखा लगाउन जो कम्मर कसिरहेका छन्, उनीहरुको विकल्प मात्र एउटा छः त्यो हो सबै समस्याको समाधान राजासहितको प्रजातन्त्र । वर्षौँ भूमिगत छापामार युद्ध र राजनीतिक दलहरुको आन्दोलनले नेपालमा अढाइ सय वर्ष पुरानो राजसंस्था ढलेको हो । राजसंस्था ढल्नुअघि भएको रक्तपात र मुठभेडले देश पछि पर्यो। गणतान्त्रिक यात्रा कच्चा नै छ। यसलाई परिपक्क बनाउन दलहरुले जानेनन्। अब देशमा राजतन्त्र नै विकल्प हो भन्दै यसरी राजावादीहरु जनतामा गए कि, अहिले नै गणतन्त्र खराब हो भन्दा जनताले होइन भन्न मानेनन्। र, त राजावादी हौसिएका छन्।*

*रक्तपातपूर्ण अवस्थामा देश जाँदैछ । यसमा दलहरु पनि जिम्मेवार छन्। चुपचाप नागार्जुनमा बसिरहेका पूर्वराजा ज्ञानेन्द्र शाहले फागुन ७ गते अब केही गर्ने बेला भयो, मदत गर्नुहोस् भने । सायद राजाले मौकामा हीरा फोरे। देशभरका राजावादी शक्ति जुर्मुराएका छन् । देशलाई उन्नति, प्रगतिमा लैजान कलकारखाना, उद्योग चाहिने हो । अवसर चाहिने हो । गाउँगाउँको विकास गर्नु पर्ने हो। तर हामी गाउँ छाडेर शहरमा बिचौलिया र दलाल भएका छौँ। उन्नत किसिमको दलालीले हाम्रो गणतन्त्र आवारा भएको छ। आबारालाई समयमा उचार गर्न सकिन्छ कि भन्ने सबैलाई लागेको छ। दलहरु सच्चिने कि सक्किने भनेर राजावादीहरु सडकमा आएका छन्। चैत महिना अरु रक्तपातपूर्ण नहोस् । बेलैमा दलहरुले गणतन्त्रलाई नमूना बनाउँछौँ भनेर असन्तुष्ट जनताको मन बुझाउने काममा लागून्। मुठ्ठिभरका जनतालाई राजतन्त्र चाहिएको छ। त्यो भन्दा बढी हिन्दू धर्म चाहिएको छ। विकास र व्यवस्थालाई धर्मले पेलेको छ । धर्मका आडमा राजतन्त्र ल्याउन चाहनेलाई मौका मिलिरहेको छ । यसबारे दलहरुले सोच्ने बेला भएको छ । अर्कातिर रक्तपातपूर्ण अवस्थामा देश लगेर फेरि हामी बनाउन सक्छौँ ? युक्रेन हेरेर किन हामी फेरि देशमा रक्तपात निम्त्याउँदैछौँ? सबैले सोचौँ।*

# मुलुकले बिर्सनै नहुने ऐतिहासिक पात्र–सरदार रुद्रराज



प्राडा तीर्थप्रसाद मिश्र

नेपाल गौरवपूर्ण अतीत भएको मुलुक हो। यस देशको वैभव तथा छवि उजिल्याउन इतिहासको कालखण्डमा धेरै व्यक्तित्वहरूको योगदान, त्याग, बलिदान, प्रतिबद्धता र समर्पण रहिआएको छ। यस्ता व्यक्तित्वहरूले हिजो गरेका कार्यहरूबाट भएका उपलब्धिहरू आजको पुस्तालाई जानकारी गराउनैपर्ने भएको छ।

हामी सबैले हिजोलाई स्मरण गरी इतिहासलाई सम्मान गर्नैपर्ने हुन्छ । यस्तै तथ्यलाई आत्मसात् गरी सरदार रुद्रराज पाण्डेको १२५औँ जन्मजयन्तीका अवसरमा उनले नेपालको शैक्षिक, साहित्यिक तथा आध्यात्मिक क्षेत्रमा लगाएका गुणहरू स्मरण गर्नुपर्ने हुन्छ।

पृथ्वीनारायण शाहकै एकीकरण अभियानमा पाण्डेहरू सरिक भएका थिए। गोरखालगायत केही चौबिसी राज्यहरूमा पाण्डेहरू राजगुरु रहेको इतिहासले बताउँछ । नवनेपाल निर्माण भएपछि शाह राजाका विश्वासपात्र गुरु हुन पुगेका रुद्रराज पाण्डेका पुर्खा तानसेनको धर्मपानीबाट राजधानीको मुटु प्युखामा स्थायी बसोबास गर्न थालेको थियो । यसै वंशका पद्मराज पाण्डेका पुत्ररत्नका रूपमा १९५७ साल फागुन २६ गते रुद्रराज पाण्डेको जन्म भएको थियो । राजगुरु घराना खलकले संस्कृत शिक्षा आर्जन गर्ने तत्कालीन परम्पराअनुसार तीनधारा पाठशालामा रुद्रराज पाण्डेले अध्ययन प्रारम्भ गरे।

उतिबेला राणा परिवार र केही हुनेखाने वर्गका मानिस मात्र त्यतिबेलाको दरबार स्कुलमा अङ्ग्रेजी शिक्षा पढ्न आकर्षित हुन थालेका थिए । यसैअनुसार रुद्रराज पाण्डे दरबार स्कुलमा भर्ना भई १९७५ सालमा प्रथम श्रेणीमा 'म्याट्रिक' उत्तीर्ण गर्न सफल हुनुभयो। त्यतिबेला दरबार स्कुलले कलकत्ता विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरेको हुँदा परीक्षा दिन चाहिँ कलकत्ता नै जानुपर्ने थियो। उक्त समय म्याट्रिक पास गर्ने व्यक्ति औँलामा गन्न सकिने मात्र थिए।

तसर्थ, म्याट्रिक उत्तीर्ण हुनेलाई ठूलो सम्मान गर्ने चलन थियो । राणा खलकले रु एक हजारको दोसल्ला पाउँथे भने अरूलाई ३०० को दोसल्लाबाट सम्मानित गरिन्थ्यो। यसबाट राणाशासन कालमा शासक र जनसाधारण बीचमा विभेदकारी नीति रहेको बुझ्न सकिन्छ। सरकारी छात्रवृत्तिमा नै पाण्डेले इलाहाबाद विश्वविद्यालयबाट १९८१ सालमा इतिहासमा स्नातकोत्तर उत्तीर्ण गरेपछि इतिहासमा एमए गर्ने पहिलो नेपाली व्यक्ति बने।

विसं १९८२ देखि नै उनले त्रिचन्द्र कलेजमा इतिहास विषयको प्राध्यापक नियुक्त भई दरबार स्कुलमा समेत अध्यापन गर्न प्रारम्भ गरे । कालान्तरमा उनी त्यही दरबार स्कुलको पहिलो नेपाली 'हेडमास्टर' बन्न पुगे। पाण्डेकै अनवरत प्रयासबाट त्रिचन्द्र कलेजमा नेपाली विषयको पठनपाठन सुरु भयो। त्रिचन्द्र कलेजले सुरुमा कलकत्ता र पछि पटना विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको थियो।

साथै, नेपालमा नै एसएलसी परीक्षा दिन पाउने व्यवस्था उनले नै प्रारम्भ गराएको थियो। १९९५ सालमा त्रिचन्द्र कलेजको प्राचार्य भई कला र विज्ञानका विभिन्न थप विषय अध्यापन प्रारम्भ गराउने कार्य पनि उनीबाटै भएको देखिन्छ । हाइस्कुल र कलेज दुवैतिरको शिक्षालाई प्रभावकारी कार्यान्वयन गराउने कार्यमा उनले कहिल्यै कमी आउन दिएनन्। एक कुशल शिक्षक, प्राध्यापक र शैक्षिक प्रशासकका रूपमा आफ्नो योग्यता देखाएकै कारण राणा शासकले पनि उनीप्रति कहिल्यै वक्रदृष्टि राखेनन्।

१९९७ सालको विद्यार्थी आन्दोलनको समयमा उनले खेलेको भूमिकाको मानिसले आजसम्म स्मरण गरिरहेका छन् । जयतु संस्कृतम् आन्दोलनका कारण परीक्षा दिन जान नपाएका विद्यार्थीहरूलाई नेपालमै परीक्षा दिने व्यवस्था मिलाउन उनी सफल भयो । २००७ सालको परिवर्तनपश्चात् शिक्षा सचिव र पुरातत्व विभागका निर्देशक भई उनले गरेको योगदान उल्लेख्य रहेको छ।

राणाशासन रहँदा र प्रजातन्त्र आएपछि पनि उनको दायित्वमा कुनै फरक परेन । उनले २००७ देखि २०१५ सालसम्म सक्रिय भई सरकारबाट प्राप्त भएका दायित्वहरू कुशलतापूर्वक निर्वाह गरे। २०१५ सालको नेपालको प्रथम आमचुनावको समयमा निर्वाचन आयुक्त भई निर्वाचन सम्पन्न गराउन उनले खेलेका भूमिका सराहनीय रहेको छ। निर्वाचनप्रति जनचेतना बढाउने खालका नाटक नै मञ्चन गराउनुलाई त्यतिबेला प्रशंसनीय कार्य ठानिएको थियो। विसं २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालयको प्रभावकारी संरचना र शैक्षिक कार्यक्रमको उन्नयनका लागि राजा महेन्द्रले २०२२ सालमा रुद्रराज पाण्डेलाई उपकुलपति नियुक्त गरे । त्रिभुवन विश्वविद्यालयको शैक्षिक कार्यक्रम विस्तार र भौतिक पूर्वाधार सिर्जना गर्न उनको कार्यकाल कोसेढुङ्गा साबित भएको छ। उनले त्रिपुरेश्वरस्थित पाहुनाघरमा रहेको केन्द्रीय कार्यालय कीर्तिपुरस्थित स्मृति भवनमा स्थानान्तरण गरी व्यवस्थित गराए। लालदरबारमा रहेको केन्द्रीय पुस्तकालय कीर्तिपुरमा नवनिर्मित भवनमा सारे। नेपाल अध्ययन संस्थान (कालान्तरमा नेपाल र एसियाली अध्ययन संस्थान हुँदै हाल नेपाल र एसियाली अनुसन्धान केन्द्र भएको छ) र सेडाको गठन उनकै कार्यकालमा भएको तथ्य स्मरणीय छ । उनकै कार्यकालमा विज्ञान सङ्कायमा स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमहरू थपिए । छात्रावास, गान्धीभवन, रोज गार्डेन आदि उनकै समयमा निर्माण भएका थिए। राजा महेन्द्रले चाहँदाचाहँदै पनि उनले पुनः त्रिविको उपकुलपति हुन अस्वीकार गरे।

रुद्रराज पाण्डेलाई लोकले एकजना मूर्धन्य साहित्यकारका रूपमा पनि प्रतिस्थापित गरेको छ । लेखनाथ पौडेल, शम्भुप्रसाद ढुङ्गेल, कृष्णलाल अधिकारी आदि साहित्यकारसँग उनको उठबस थियो । विद्यार्थीकालमा नै चन्द्रिका र सूक्तिसिन्धु जस्ता पत्रिकामा उनका कविताहरू प्रकाशित भएका थिए। उनले रचना गरेको रूपमती उपन्यास नेपालको इतिहासमा पहिलो मौलिक उपन्यास बन्न पुगेको छ । रूपमती उपन्यासले तत्कालीन नेपाली समाजको राम्रो चित्रण गर्न सफल भएको छ।

अतः उक्त उपन्यासलाई इतिहासको स्रोतका रूपमा लिने पनि गरिन्छ । उक्त उपन्यास अङ्ग्रेजी र उर्दू भाषामा समेत अनुवाद हुनुले उनको उपन्यासकारितालाई प्रस्ट्याउन मद्दत पुगेको छ । चम्पाकाजी, प्रायश्चित र प्रेमजस्ता उपन्यास पनि नेपाली साहित्यानुरागीहरूले कोसेली पाएका छन्। नेपालको गौरवपूर्ण अतीतको परिचय गराउने हाम्रो गौरवः हाम्रो नेपाल र नवरत्न जस्ता कृतिहरूले पाठकको मन छोएका छन्।

यसैगरी, बालबालिकाहरूका लागि बालरामायण, बालकृष्णचरित्र, नीतिकथा जस्ता कालजयी कृतिहरू प्रकाशन भएका छन्। त्रिचन्द्र कलेज र दरबार स्कुल दुवैतिर इतिहास विषयको पठनपाठन भए तापनि नेपाली भाषामा इतिहासका कुनै पुस्तक नै थिएनन्। यसैले पाठ्यपुस्तकहरूको अभाव हटाउन रुद्रराज पाण्डेले बेलायतको र भारतको इतिहास लेखेको थियो।

यसबाट विद्यार्थीहरू मात्र होइन, इतिहासका शिक्षकसमेत लाभान्वित भएका थिए। गोरखा भाषा प्रकाशनी समिति (पछि नेपाली भाषा प्रकाशनी समिति भएको) यी दुवैमा रही नेपाली भाषाका विभिन्न विधाका पुस्तक प्रकाशन गर्न पनि उनको सहयोगी भूमिका रहेको थियो। उहाँ शारदा पत्रिकाको प्रकाशन कार्यमा तन, मन र धनले खटिएको थियो।

उनी एक आध्यात्मिक चिन्तक पनि थिए। प्युखास्थित भवनमा भजनकीर्तन दिनहुँजस्तो हुने गर्दथ्यो । त्यहाँ जोगी, साधुसन्त तथा महात्माहरूको सदैव भीड हुने गरेको चर्चा आज पनि छिमेकीहरूले गर्दछन् । प्युखाबाट कलङ्की बसाइँ सरेपछि पनि यस्ता धार्मिक अर्चनाका कार्यक्रमहरूले निरन्तरता पाउने गरेको छ।

विसं १९८२ देखि २०४३ (महाप्रस्थान) को छ दशकसम्म नेपालको विभिन्न क्षेत्रमा सक्रिय सेवामा रहेका उनलाई तत्कालीन शासकले सम्मान गरेका दृष्टान्त पाइन्छन्।

उनले गोर्खा दक्षिणबाहु प्रथम, श्री ३ जुद्धशमशेरबाट सरदार उपाधि, त्रिशक्ति पट्ट, राजा त्रिभुवनबाट रजतजयन्ती पदक तथा राजा महेन्द्र र वीरेन्द्रबाट शुभराज्याभिषेक पदकजस्ता अनेकौँ पदक र सम्मान प्राप्त गरेको थियो।

आफू सम्मानित भएर मात्र सन्तुष्ट हुन नसक्ने र अरूलाई प्रोत्साहन र सम्मान गर्नुपर्छ भन्ने विचारधाराका पक्षपाती भएका हुँदा त्रिभुवन विश्वविद्यालयका विभिन्न तहमा सर्वोत्कृष्ट स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई पद्मराज सुवर्ण पदक, टीकालक्ष्मी सुवर्ण पदक, त्रिभुवन विश्वविद्यालयमा र संस्कृत विश्वविद्यालयमा लीलाबल्लभ पन्त सुवर्ण पदक प्रदान गर्न अक्षयकोष नै स्थापना गराए।

१९९० सालको भूकम्पको समयमा स्वयंसेवी दल खडा गरी पीडितहरूको सेवा गरेको प्रसङ्ग ब्रह्मशेरले एक अन्तर्वार्तामा बताएका थिए। धेरै कुरामा पहिलो नेपाली बन्न पुगेका उनी इतिहासका प्राध्यापक मात्र नभई स्वयं नेपालकै इतिहास भएको निर्विवाद तथ्य जगजाहेर छ।

रुद्रराज साहित्य समिति गठन गरी उनका स्वजनहरूले साहित्य, इतिहास, शिक्षा र अध्यात्म गरी चार विधामा प्रत्येक वर्ष एक विधामा उल्लेख्य योगदान गरेका व्यक्ति तथा संस्थालाई पुरस्कार दिने कार्यबाट उनको व्यक्तित्व र कृतित्व चिरस्मरणीय बनाउन गरेको कार्य स्तुत्य भएको छ।

कुशल शिक्षक, कुशल प्राध्यापक, शैक्षिक प्रशासक, प्रशासनविद्, साहित्यकार, इतिहासकार, समाजसेवी, आध्यात्मिक चिन्तक जस्ता बहुमुखी विलक्षण प्रतिभासम्पन्न व्यक्ति देशमा मात्र होइन, विश्वमा नै कमै मात्र देखिन्छन् । यस्ता मानवताका सरल पात्र तथा नेपालआमाका धर्तीपुत्र, नेपालकै गहना, महामानव रुद्रराज पाण्डे नेपालीको मानसपटलमा सदासर्वदा अमर रहिरहनेछ। रासस

# सीप अनुसारको रोजगारी नहुँदा विदेशिँदै युवा

अञ्जली थापा



रासस

दरमुकाम सिन्धुलीमाडी बजार शान्त छ । बसपार्क छेवैका चियापसलमा भने थोरै चहलपहल देखिन्छ । गाउँ सुनसान पारेर शहरमा भविष्य खोज्न हिँडेका केही युवा हतारोमा छन्, कोही गफमा मस्त । चिया पसलकै एउटा कुनामा भेटिए पुजन बस्नेत।

उनी तीनपाटन गाउँपालिका–११, कन्याखोलाका बासिन्दा हुन् । २२ वर्षीय बस्नेतले सूचना तथा प्रविधि (आइटी)मा स्नातक गरेका छन् । उनीसँग वेबसाइट डिजाइन गर्ने, मोबाइल एप बनाउने, ग्राफिक्स डिजाइन र भिडियोग्राफी गर्ने सीप छ। तर सीप अनुसारको काम र कमाइ छैन।

बस्नेतले जिल्लामै केही गर्ने सोचले साथीसँग मिलेर व्यवसाय गर्ने प्रयास गरे । तर लगानीको अभावले सम्भव भएन। बैङ्कले कर्जा पत्याएन, परिवारको आर्थिक अवस्था कमजोर थियो।

उनले भने, 'लगानी छैन। विना धितो बैङ्कले कर्जा दिँदैन । त्यही भएर अब विदेश गएर पैसा कमाउँछु, अनि फर्केर व्यवसाय गर्छु भन्ने सोचेको छु ।' रोजगारीका लागि विदेशिने निर्णय उनको रहर नभएर बाध्यता हो । त्यसो त उनले स्थानीय तहमा 'आइटी अफिसर'का लागि धेरै ठाउँमा आवेदन दिएको थियो । १५ पटक परीक्षा दिए। लिखितमा नाम निस्कियो, तर मौखिकमा निस्किएन।

हुन त पुजनले जिल्लास्थित एक संस्थामा काम गरिरहेका छन् । तर श्रमअनुसारको पारिश्रमक नपाउँदा उनीमा नैराश्यता छाएको छ । विहानदेखि रातीसम्म काम गर्दा पनि १० हजार मासिक तलब समयमा नपाउने गरेको उनको गुनासो छ। यो केवल बस्नेतको कथा मात्र होइन । उनी जस्ता धेरै युवाहरु यही बाध्यताले विदेशिँदा जिल्लाका ग्रामीण क्षेत्रमा पानी भर्ने, खेतबारीमा काम गर्ने, गाउँलाई उज्यालो बनाउने, बिरामी पर्दा बुबाआमाको स्याहार गर्ने युवा देखिन छाडेका छन्।

बिबिएस दोस्रो वर्षमा अध्ययनरत २१ वर्षीया सविना दनुवार पनि यस्तै दोधारमा छन्। उनी पढाइलाई निरन्तरता दिने वा अधुरै छाड्ने भन्ने अन्योलमा छन् । "घरको अवस्था दयनीय छ । जागिर छैन । दैनिक खर्च चलाउन गाह्रो छ । अब पढाइ छोडेर विदेश जाने सोच्दैछु," सविनाले भनिन्।

सविनाका साथीमध्ये कोही अस्ट्रेलिया, कोही दुबईमा छन्। उनीहरूसँग कुराकानी हुन्छ । विदेश गएर दुःख गरे यहाँभन्दा कमाई राम्रै छ, भन्ने भनाइले सविनालाई त्यही बाटो रोज्न बाध्य बनाइरहेको छ।

पुजन र सविना त प्रतिनिधि पात्र मात्रै हुन्। जिल्लामा सञ्चालित विदेश पठाउने कन्सलटेन्सीमा विद्यार्थीको भीड हेर्ने हो भने सहजै अनुमान गर्न सकिन्छ की जिल्लाका थुप्रै युवा रोजगारीको खोजीमा विदेश जाने तरखरमा छन्।

जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट गएको पाँच वर्षमा २८ हजार ६५२ युवाले राहदानी बनाएको देखिन्छ। आर्थिक वर्ष ०७७ देखि ०८१ माघ १३ सम्म उक्त सङ्ख्यामा राहदानी बनाएका हुन्।

वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई सूचना, परामर्श, सीप विकास, कानुनी सहायता, मनोसामाजिक परामर्श र वित्तिय साक्षरता प्रदान गर्दै आएको सुरक्षित आप्रवासन परियोजना, सिन्धुलीका संयोजक विजय दाहालकाअनुसार गएको दुई वर्षमा वर्षेनी १० हजार युवा जिल्लाबाट विदेशिएका छन्।

वैदेशिक रोजगार र पढाइको सिलसिलामा विदेशिएका ती युवाको तथ्याङ्क जिल्ला प्रशासन कार्यालय र सुरक्षित आप्रवासन केन्द्रमा हुने गरेको भएपनि फर्किएकाको तथ्याङ्क सम्बन्धित निकायसँग छैन।

सुरक्षित आप्रवासन केन्द्र,सिन्धुलीका अनुसार १६ वर्ष यता रोजगारीका लागि विदेश गएकामध्य १५१ जनाको विभिन्न कारणले उतै मृत्यु भएको छ । ११ वर्ष यता ५१ जना बिरामी र काम गर्ने सिलसिलामा अङ्गभङ्ग भइ फर्किएका छन्। यसरी फर्किनेमा विदेश जाँदा लागेको ऋणसमेत तिर्न नसकेका रहेको पाइएको छ।

नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि मुकेश घिमिरेकाअनुसार, सरकारले सीप भएकासमेतलाई उचित अवसर प्रदान गर्न सकेको छैन। स्थानीय सरकारले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न विशेष कार्यक्रम सञ्चालन गरेको पाइँदैन।

# ‘आयोगका औचित्यताबारे पुनरावलोकन गर्ने बेला भएको छ’



**काठमाडौँ ।**
संविधानका जानकारहरुले राष्ट्रिय समावेशीलगायतका आयोग गठनको उद्देश्य र हालसम्म भएका कार्यप्रगतिको समीक्षाको खाँचो औँल्याएका छन् ।

राष्ट्रियसभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको सोमबारको बैठकमा राष्ट्रिय समावेशी आयोगका पूर्वअध्यक्ष डा.रामकृष्ण तिमिल्सिनाले अन्य आयोग स्थापनाको उद्देश्य, हालसम्मको कार्य प्रगति र औचित्यताबारे पुनरावलोकन गर्ने बेला भएको बताए ।

उनले भने, ‘राष्ट्रिय समावेशी आयोगलाई शक्तिशाली तुल्याइ अरुलाई त्यस मातहत रहने गरी राखेको खण्डमा खर्च, प्रभावकारिता, औचित्यको पुष्ट्याँइ हुन्छ ।’

समावेशी आयोगमा आवश्यक बजेट, कार्यक्रम र विशिष्ट श्रेणीको कर्मचारी व्यवस्थापन गर्न सके यसबाट सरकारलाई फाइदा हुने संविधानविद् तिमिल्सिनाको भनाइ थियो । यदि त्यसो नहुने हो भने आयोगका पदाधिकारी जिल्ला घुम्ने र बजेट खर्चमै मात्र सीमित हुने उनले बताए ।

संविधानमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग,मधेशी आयोग,थारु आयोग र मुस्लिम आयोगलाई अरु आयोगका रुपमा राखिएको छ ।

आयोगमा राजनीतिक नियुक्तिबाहेक सशक्तिकरणका कार्यक्रम नहुँदा लक्षित समुदायका हकअधिकार स्थापित गर्ने सिलसिलामा सामाजिक, शैक्षिक र आर्थिक प्रगति हासिल हुन नसकेको विज्ञहरुको भनाइ थियो ।

संविधानविद् काशीराज दाहालले आयोगलाई सिफारिस र सुझावमा मात्र सीमित नतुल्याइ आर्थिक, भौतिक र जनशक्तिका हिसाबले सम्पन्न र शक्तिशाली बनाउन आवश्यक रहेको बताए ।

उनले भने, ‘कतै हुने खाने वर्गले मात्र सेवा सुविधा लिए कि भन्नेबारे समीक्षा, पुनःविचार र वर्गीकरण गर्नपर्छ, समावेशीका नाममा तरमारा वर्ग मात्रै आए भन्ने भनाइ छ ।’

संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता रामनारायण विडारीले आयोगले दिने वार्षिक प्रतिवेदन पूर्णरुपमा अध्ययन, समीक्षा र छलफलको सुरुवात गर्न संसदीय समितिलाई सुझाव दिए ।

उनले भने, ‘संसद् र संसदीय समितिले आयोगका वार्षिक प्रतिवेदन अध्ययन र छलफल गर्नुपर्छ । त्यो आजसम्म प्रभावकारी ढङ्गबाट हुन सकेको छैन । आयोग गठन प्रक्रिया, क्षमता, विज्ञताअनुसार काम भए नभएको जानकारी लिनुपर्छ ।’

यसअघि समिति सदस्यहरुले आयोगका गतिविधि र भूमिकाप्रति पदाधिकारी नै सन्तुष्टि नदेखिएको जनाउँदै आयोगलाई कार्यकर्ता भर्ती केन्द्र बनाइनु नहुने धारणा राखे ।

विगतमा आन्दोलनको व्यवस्थापनको बाटोकारुपमा आयोग गठन गरिएको बताउँदै उनीहरुले असमानता र विभेदका विषयमा उठेका आवाजलाई उचित समाधान र सम्बोधन भएनभएको समीक्षा जरुरी भएको बताए ।

सदस्यहरुले आयोगलाई समावेशी र शक्तिशाली तुल्याउन आवश्यक रहेको सुझाव दिए ।रासस

# परराष्ट्रमन्त्री भारतमा



**काठमाडौं ।**
परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा धार्मिक भ्रमणको सिलसिलामा सोमबार भारत गएकी छन् । मन्त्री डा. राणा भारतको झारखण्डस्थित बाबा वैद्यनाथ धाममा पूजाआजाका लागि गएकी हुन् ।

मन्त्री डा. राणालाई परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई र मन्त्रालयका उच्च अधिकारीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाई गरेका थिए ।

त्यसपछि मन्त्री डा. राणा भारतको विदेश मन्त्रालयद्धारा यही मार्च १७ देखि नयाँ दिल्लीमा आयोजित राइसिना डायलगमा सहभागी हुनेछिन् ।

भारत सरकारको निमन्त्रणामा उक्त डायलगमा मन्त्री डा.राणासहित विश्वका विभिन्न देशका प्रधानमन्त्री तथा विदेशमन्त्रीहरूको सहभागिता रहनेछ । कार्यक्रमलाई मन्त्री डा. राणाले सम्बोधन गर्ने कार्यक्रम छ ।

भ्रमणकै क्रममा मन्त्री डा.राणाले आफ्नो स्वास्थ्य जाँचको फलोअप पनि गराउने कार्यक्रम रहेको छ ।रासस

# गैरसरकारी संस्थालाई नियमन गर्न कानूनी व्यवस्था माग

**काठमाडौँ ।**
गैरसरकारी संस्थालाई नियमन र सहजीकरण गर्ने कानुनी व्यवस्था गर्न गैरसरकारी संस्था महासङ्घ नेपालले सरकारको ध्यानाकर्षण गराएको छ ।

गैसस महासङ्घद्वारा सोमबार राष्ट्रिय सभागृहमा आयोजित राष्ट्रिय नागरिक सम्मेलनमा महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीले गैरसरकारी संस्थाको दर्ता तथा नियमनका लागि चाँडोभन्दा चाँडो स्पष्ट कानून निर्माणका लागि सरकारसँग आग्रह गरे ।

‘व्यक्तिगत रूपले गणतन्त्र आएको थाहा पाएका छौँ । नागरिक सङ्गठनको हिसाबले गणतन्त्र आएको अनुभूति गर्न सकेका छैनौँ,’ अध्यक्ष सुवेदीले भने, ‘सङ्गठन चलाउने र भेला हुने संविधानमा व्यवस्था गरिएको मौलिक हकमैत्री कानुनका लागि माग गर्दछु ।’

गैरसरकारी संस्थाहरूले स्थानीय तह र प्रदेशमा संस्था दर्ता गर्नुपर्दा दोहोरोपनादेखि विभिन्न किसिमका कर तिर्न बाध्य भएको गुनासो गर्दै आएका छन् । स्पष्ट कानुनको व्यवस्था नहुँदा दोहोरोपना, अस्पष्टता र झन्झट बेर्होन परेको गुनासो गरिरहेका उनीहरूले यसले सरकारसँग साझेदारी गर्न इच्छुक अन्तरराष्ट्रिय गैससससमेत हतोत्साहित भइरहेको बताउँदै आएको छ ।

सम्मेलनमा महासङ्घका अध्यक्ष सुवेदीले सामाजिक उद्यमशीलतामार्फत समृद्धिमा योगदान पु¥याउने प्रतिबद्धता व्यक्त गरे । त्यसका लागि वातावरण सृजना गर्न उनले सरकार र राजनीतिक दलहरूको ध्यानाकर्षण गराए । ‘उद्यमशील बन्न चाहन्छौँ, हामी रोजगार सृजना गर्न चाहन्छौँ । उत्पादनमा जोड दिन्छौँ, समृद्धिमा योगदान पु¥याउँछौँ । कमाएको आम्दानीबाट राज्यका प्राथमिकताका सामाजिक क्षेत्रमा काम गर्न चाहन्छौँ,’ अध्यक्ष सुवेदीले भने ।

उपस्थित राजनीतिक दल र विज्ञहरूले नियमित सामाजिक उत्तरदायित्व (सिएसआर)को व्यवस्थापनका लागि सुझाव प्रस्तुत गरेका थिए ।

पूर्वपरराष्ट्रमन्त्री डा.विमला राई पौडेलले उद्देश्य र कार्यक्षेत्रअनुसार संस्था दर्ता गर्ने र नियमन गर्ने प्रणाली बसाउन कानून निर्माणको आवश्यकता औँल्याए । त्यसका लागि सामाजिक विकास ऐन र सङ्घसंस्था दर्ता ऐन बनाउन ढिलाइ गर्न नहुने उनको सुझाव छ ।

राष्ट्रिय योजना आयोगका पूर्वसदस्यसमेत रहनुभएका पौडेलले गैससले दीर्घकालीन वित्त स्रोतको विकास गर्नतर्फ अग्रसर हुनुपर्ने धारणासमेत व्यक्त गरे । ‘आफ्नो स्रोत छैन, दातृ निकायले उपलब्ध गराउने स्रोतमा निर्भर भइरहेका छौँ । दातृ निकायको दानबाट कतिपय अवस्थामा उसको उद्देश्यअनुसार काम धेरै हुन्छ । उद्देश्य मात्र हैन हामीले गर्ने कार्य प्रणाली पनि उनीहरूले नै ‘डिटेक्ट’ गरेअनुसार हुन्छ, यो ठूलो चुनौती हो’, उनले भने, ‘सामाजिक उद्यम, व्यवसाय प्रवद्र्धन गर्न जरूरी छ ।’ उनले गैससभित्र संस्थागत पारदर्शिता र जवाफदेहिता चुनौतीका रूपमा खडा भइरहेको बताए ।

‘देश सङ्घीय व्यवस्थामा गएसँगै गैससको काम र भूमिका परिवर्तन भएको छ । हामी ‘स्टेट’ हैन, ‘स्टेट’लाई सघाउने संस्था हो । नागरिक र सरकारबीचको दूरी बढाउनेभन्दा पनि अविश्वासको दूरी घटाउन सहयोगी बन्नुपर्छ,’ पौडेलले भने ।

सम्मेलनमा दिगो विकासका लागि नागरिक समाजको योगदान, दिगोपनाका लागि चुनौती र नीतिगत विकल्पका विषयमा संवाद गरिएको थियो ।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष तथा फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ दाहालले देशभरका नागरिक संस्थाहरूको नियमनका लागि संस्थागत र कानुनी संरचना प्रबन्ध गर्न सरकारसँग अपिल गरे । उनले राज्यलाई जवाफदेही, पारदर्शी बनाउन र सहकार्य गर्न सङ्गठित संस्थाहरू स्वयं एकीकृत, आत्मविश्वास र हैसियतका साथ अघि बढ्न आह्वानसमेत गरे । ‘तपाईँहरूको आवाज सुनिएको छैन । नागरिक आन्दोलन कमजोर मनस्थितिमा देखिएको छ । यसबाट मुक्त हुनु म आह्वान गर्छु । नेपालमा नागरिक समाजको आन्दोलन वा गैरसरकारी संस्था आन्दोलन बलियो रूपमा खडा हुनुपर्छ’, ढकालले भने ।

प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा महासंघको ११ औँ महाधिवेशन, ३० औँ वार्षिक साधारणसभा र राष्ट्रिय नागरिक सम्मेलनको उद्घाटन गरिएको थियो ।रासस

# ‘वर्तमान व्यवस्थाको रक्षा गर्नु प्रमुख जिम्मेवारी’



**काठमाडौँ ।**
नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले मुलुकमा प्रतिगामी तत्त्वहरू सलबलाउन थालेकाले परिवर्तनकारी शक्तिहरू एकताबद्ध हुनुपर्ने बताएका छन् ।

पार्टीद्वारा केन्द्रीय कार्यालय आलोकनगरमा सोमबार आयोजित कार्यक्रममा उनले जनताको लामो संघर्षबाट प्राप्त अधिकार तथा वर्तमान व्यवस्थाको रक्षा गर्नु प्रमुख जिम्मेवारी भएको बताए ।

सरकारले कार्यशैली सच्याएर गलत प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेमा जोड दिँदै उनले भने, ‘प्रतिगामी यथास्थितिवादीहरूले अहिले टाउको उठाउन थालेका छन् । सो विषयलाई पार्टीले गम्भीर रूपमा लिएको छ ।’

केही समययता काठमाडौँ उपत्यकालगायत मुलुकका केही सहरहरूमा भइरहेका नारा जुलुसले सरकार मात्रै होइन, लोकतन्त्रमाथि नै प्रहार भइराखेको उनको भनाइ थियो ।

अध्यक्ष नेपालले लोकतन्त्रमाथिको प्रहार सह्य नहुने विचार व्यक्त गर्दै संविधान, लोकतन्त्रका साथै संघीय गणतन्त्रको रक्षाका लागि सरकारलाई गम्भीर बन्न आग्रह गरे । उनले संघीय लोकतान्त्रिक गणतन्त्र जनताको बलिदान तथा संघर्षबाट प्राप्त भएकाले त्यसको रक्षाका लागि सबै एकताबद्ध हुनुपर्ने बताए ।

अध्यक्ष नेपालले संघीय लोकतन्त्रमाथि धावा बोलिरहेकाले जनता चनाखो हुनुपर्ने र संविधानको उल्लङ्घन गर्ने छुट कसैलाई पनि नरहेकामा जोड दिए ।रासस

# ‘सूचनाले सत्य र वास्तविकताको नजिक पुऱ्याउँछ’



**काठमाडौँ ।**
बाग्मती प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले सूचनाले सत्य र वास्तविकताको नजिक पु¥याउँदै सही दिशामा हिँड्न सहयोग पु¥याउने विश्वास व्यक्त गरेका छन् ।

प्रदेश सूचना पुनरावेदन समिति बाग्मती प्रदेशले सोमबार आयोजना गरेको सूचनाको हक प्रवद्र्धनसम्बन्धी अन्तरक्रियामा उनले सुशासन स्थापना गर्न सूचनाको हकको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै सूचनाको हक केवल कानुनी प्रावधानका लागि मात्रै नभएर नागरिकलाई सशक्तिकरण गर्ने महत्वपूर्ण माध्यम भएको बताए ।

‘लोकतन्त्रको बलियो जग पारदर्शिता र सहभागितामा अडिएको छ, प्रविधिमा आएको नवीनतम् विकासले सूचना बिना केही पनि नहुने अवस्था आएको छ, विगतमा सूचनाको पहुँच शासक वर्गमा मात्रै सीमित थियो, लोकतन्त्र र गणतन्त्र स्थापनासँगै पारदर्शिता र जवाफदेहिता तीनै तहका सरकारको प्राथमिकतामा परेको छ’, मन्त्री लामिछानेले भने । उनले सूचनाको हकले नीतिगत भ्रष्टाचारलाई रोक्न महत्वपूर्ण काम गर्ने बताए ।

मानवअधिकारकर्मी सुदीप पाठकले मानिसका सबै अधिकारसँग सूचनाको हक जोडिएको भन्दै सूचनाको हकले लोकतान्त्रिक सरकारको सुशासन कायम गर्ने बताए । उनले सूचनाको हकले नागरिकलाई अधिकारसम्पन्न बनाउँदै राज्यको व्यवस्थामा जानकारी राख्दै लाभ हासिल गर्न सहयोग पु¥याउने धारणा राखे । राज्यले गरेका काम ठीक छनेर भनेर अवगत गराउनेमा पनि सूचनाको हक आवश्यक रहेको उनको भनाई छ ।

प्रदेश सूचना पुनरावेदन समिति प्रदेश अध्यक्ष हरिप्रसाद अधिकारीले सन् १७६६ मा स्विडेनबाट शुरु भएको सूचनाको हकसम्बन्धी व्यवस्था हाल १२९ देशमा कानुन नै बनाएर व्यवस्था गरिएको र ६२ देशले संविधानमा नै उल्लेख गरेर नागरिकप्रतिको जिम्मेवारी र जवाफदेही भूमिका निर्वाह गरिरहेको जानकारी गराए ।

अधिकारीले नागरिकले सूचनाको हकअनुसार सूचना नपाउँदा राज्यको संयन्त्र र व्यवस्थाप्रति नै वितृष्णा पैदा हुने धारणा राखे । उनले लोकतान्त्रिक व्यवस्थामा राज्यको जिम्मेवार तहमा बसेका सूचना अधिकारी र कार्यालय प्रमुखले नागरिकलाई सहज रुपमा सूचना उपलब्ध गराएर उनीहरुको आवश्यकतालाई पूरा गर्नुपर्नेमा जोड दिए ।

समितिका सदस्य कृष्ण सारु मगरले प्रदेश सरकारले ऐनले तोकेको क्षेत्रमा आधारित रहेर समितिले काम गरिरहेको जानकारी गराए । उनले नेपालको संविधानमा उल्लेख भएको सूचनाको हक कार्यान्वयनका लागि काम गर्दै नागरिकमा सूचनाको पहुँच सहज रुपमा पु¥याउने अभिप्रायले बाग्मती प्रदेशमा ऐनअनुसार सूचना पुनरावेदन समिति गठन भएको बताए ।रासस

# बागमती प्रादेशिक ललितकला प्रदर्शनी

**काठमाडौँ ।**
नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानको आयोजनामा काठमाडौँमा सोमबारदेखि ‘बाग्मती प्रादेशिक ललितकला प्रदर्शनी, २०८१’ शुरु भएको छ ।

नक्सालस्थित प्रतिष्ठानको प्रदर्शनी हलमा शुरु भएको प्रदर्शनीको प्रतिष्ठानका संस्थापक कुलपति किरण मानन्धरले उद्घाटन गरे ।

उनले प्रतिष्ठानले प्रदेशगत रूपमा आयोजना गरेको प्रदर्शनीको प्रशंसा गर्दै किसानले माटाको पहिचान गरेर अन्न उत्पादन गरे झैँ कलाकारले पनि आफ्नो माटोलाई चिनेर कला र कलाकारिता गर्नुपर्नेबताए ।

उद्घाटन समारोहमा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले ‘सामाजिक रूपान्तरण ललितकलाको अभियान’को मूल भावमा रही आयोजना गरिएको प्रदर्शनीले प्रदेशको ललितकलाका उत्थानमा थप सहयोग गर्ने विश्वास व्यक्त गरे । उनले कला र कलाकारको




धनी बाग्मती प्रदेशमा ललितकलाको खोज तथा अनुसन्धानका थप काम गर्नुपर्ने धारणा राखे ।

प्रतिष्ठानका उपकुलपति तथा बागमती प्रदेश समन्वय समितिका संयोजक लालकाजी लामाले कलाका क्षेत्रमा प्रादेशिक प्रदर्शनीले ललितकला क्षेत्रको पुनर्जागरण गराएको र अझै जरैसम्म पुगेर रैथाने कला र सीपलाई थप उजागर गराउनुपर्नेमा जोड दिए ।

नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले ‘थुम्केली’ले प्रतिष्ठानको रणनीतिक योजनामुताबिक प्रादेशिक ललितकला प्रदर्शनी गरिएको र यसले हाम्रा मौलिक कला, शैली, शिल्प, ज्ञानलाई उत्थान तथा प्रवद्र्धन गर्न सहयोग गर्ने बताए ।

रैथाने सीप र कलाको पुस्तान्तरण हुनुपर्ने बताउँदै उनले कला र कलाकारको रचनात्मक सिर्जनशील विकासमा जोड दिए । ललितकला क्याम्पस (भोटाहिटी) का प्रमुख डा. यामप्रसाद शर्माले यस प्रदर्शनीले उत्साह थपेको र कलाकारले विविध कलालाई विभिन्न रूपमा देखाएको बताए । समारोहमा नेपाली ललितकला क्षेत्रमा योगदान दिएका कलाकारहरू जुलुमलाल चित्रकार, भोला पौड्याल, शारदामान श्रेष्ठ, सुष्मा राजभण्डारी, सुनिता राणा, धर्मबहादुर तामाङ, सरिता डङ्गोललगायतलाई सम्मान गरिएको थियो ।

त्यस्तै कार्यक्रममा प्रतिष्ठानबाट प्रकाशित विज्ञसमीक्षित अनुसन्धानमूलक सोधपत्रिका ‘ललितकला प्रज्ञा’को समेत विमोचन गरिएको थियो । प्रदर्शनीमा बाग्मती प्रदेशका २०७ कलाकारका २३९ कलाकृति राखिएका छन् ।

चैत १ गतेसम्म चल्ने प्रदर्शनीको क्युरेटिङ प्रतिष्ठानका प्राज्ञसभा सदस्य सुन्दर सिंख्वालको संयोजनमा रजनी सिंख्वाल र सविना तामाङले गरेका हुन् । प्रदर्शनीको प्रवर्धकका रूपमा नेपाल पर्यटन बोर्ड रहेको छ ।

कार्यक्रममा प्रतिष्ठानका पूर्वकुलपति कान्छाकुमार (केके) कर्माचार्य, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव कुश्मा महरा ‘प्रगति’, प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य, प्राज्ञसभा सदस्य, अग्रज कलाकार, संस्कृतिकर्मी, पत्रकार, राजनीतिक दलका प्रतिनिधि, कलाकारलगायतको उपस्थिति रहेको थियो । यसअघि प्रतिष्ठानले ६ वटा प्रदेशमा प्रादेशिक कला प्रदर्शनी सम्पन्न गरिसकेको छ ।रासस

# आन्तरिक रोजगारी प्रवर्द्धन दशक घोषणा

**काठमाडौँ ।**
बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गर्ने लक्ष्य लिएको सरकारले आगामी दशक (सन् २०२५–२०३५) लाई आन्तरिक रोजगारी प्रवर्द्धन दशक घोषणा गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा आयोजित 'राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन–२०८१'को उद्घाटन सत्रमा सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी प्रवर्द्धन दशक घोषणा गरे । सो क्रममा सरकार र विभिन्न १० वटा निजी क्षेत्रका छाता सङ्गठनबीच युवा जनशक्तिलाई रोजगार सिर्जना र तालिम प्रदानका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । समारोहमा राष्ट्रिय सीप विकास प्रतिष्ठान र कम्प्युटर एसोसिएसन महासङ्घ (क्यान), होटल सङ्घ नेपाल (हान), नेपाल निर्माण व्यवसायी महासङ्घ, नाडा अटोमोबाइल्स एसोसियन अफ नेपाल (नाडा), नेपाल तयारी पोसाक उद्योग सङ्घ, ग्रिल तथा स्टिल व्यवसायी महासङ्घ, नेपाल सुनचाँदी व्यवसायी महासङ्घ, एकोर इन्टरनेसनल ट्रेनिङ प्रालि, ग्लोबल क्वालिफिकेसन र मदरल्यान्ड स्किल एकेडेमीबीच सोसम्बन्धी




समझदारीमा हस्ताक्षर भएको हो । सोही अवसरमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एकीकृत श्रम बजार सूचना प्रणाली विस्तारका लागि श्रम तथा रोजगार मन्त्रालय र स्विस एजेन्सीबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी सिर्जना गर्न निजी क्षेत्रको असाधारण महत्त्व रहेको बताए । रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धन सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै उनले मुलुकको अर्थतन्त्रलाई निजी क्षेत्रले नेतृत्व गर्नुपर्नेमा जोड दिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले प्रत्येक वर्ष श्रम बजारमा आउने श्रम शक्तिलाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने तथा वैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउने सरकारको योजना रहेको बताए । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निजी क्षेत्रले जोखिम मोलेरै भए पनि मुलुकको अर्थतन्त्र वृद्धिका लागि योगदान गरेको उल्लेख गर्दै निजी क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारको नीति रहेको स्पष्ट पारे । प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा

युवराज खतिवडाले बाध्यकारी वैदेशिक रोजगारी अन्त्य, अन्तरराष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी सीपमूलक जनशक्ति निर्यात, द्विपक्षीय श्रम सम्झौतामा सामाजिक सुरक्षाको सुनिश्चितता तथा दोहोऱ्याएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्ने सरकारको दृष्टिकोण रहेको बताए । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई निरुत्साहित गर्ने खालका नीतिगत अस्पष्टता तत्काल हटाएर जानुपर्नेमा जोड दिए । 'जब निजी क्षेत्रले निर्धक्क ढङ्गले उद्यमशीलता बढाउन सक्छ, तब मात्र रोजगारीका अवसर

सृजना हुन सक्छन्,' उनले भने, 'नीति निर्माण प्रक्रियामा रहेकाले यसतर्फ ध्यान दिनुपर्छ, तत्काल कानुन संशोधन गरी लगानीमैत्री वातावरण बनाउनुपर्छ ।' संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष जगत सिङ्झडाले श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गर्न, सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन तथा श्रम ऐनका मजदुर विरोधी प्रावधान खारेजी गरेर असल श्रम सम्बन्धको वातावरण निर्माण गरिनुपर्ने बताए । दुई दिनसम्म चल्ने सम्मेलनमा आन्तरिक रोजगारी सृजनाका लागि सम्भावित क्षेत्रको पहिचान र प्रवर्द्धन, नेपालमा रोजगार सेवा तथा सुविधाको विकास र विस्तार, श्रम आप्रवासन व्यवस्थापनका विविध आयाम, सूचना प्रविधिको विकासमा नेपालको सम्भावना र रोजगारी सृजना, वैदेशिक रोजगार प्राप्त ज्ञान, सीप र पुँजीलाई उत्पादन र उत्पादकत्व अभिवृद्धिमा प्रयोगलगायत विषयमा सामूहिक छलफल हुनेछ । यसअघि सरकारले विसं २०५४, २०६१, २०६९ र २०७६ सालमा श्रम तथा रोजगार सम्मेलन आयोजना गरेको थियो । रासस

# सिस्नो र गुन्द्रुक 'ब्राण्डिङ' गर्दै बागलुङका महिला



**बागलुङ ।**
बागलुङको जैमिनी नगरपालिका–३ दमेकका महिला डेढ वर्ष अगाडिसम्म घरकै काम धन्दामा सीमित थिए । घाँस, दाउरा र खेतीपाती गरेर जीविका चलाउँदै आएका महिला अहिले उद्यमी बनेका छन् । बारीको कान्लामा खेर गइरहेको सिस्नो र बाँकोलाई आम्दानीको स्रोत बनाएर उनीहरू अहिले आर्थिक रुपमा सबल बनेका छन् । जैमिनी नगरपालिकाले एक वर्ष अगाडि दिएको तालिमले अहिले यहाँका ५५० महिला प्रत्यक्ष उद्यमसँग जोडिएका हुन् । रुद्रताल सामाजिक महिला सहकारी संस्थामा आबद्ध महिलाले गाउँमै सिस्नो पाउडर, बाँको गुन्द्रुक, आलु चिप्स बनाएर बिक्री गर्नुका साथै बारीमा सिमी उत्पादन गरेर बजारीकरण गर्दै आएका छन् । सहकारीमा आबद्ध अधिकांशले सिस्नो पाउडर, बाँकोको गुन्द्रुकलाई 'प्याकेजिङ' र ब्राण्डिङ गर्दै आएका छन् । स्थानीय स्रोत साधन प्रयोग

गरेर महिलालाई उद्यमसँग जोड्न तालिम दिएर र दक्ष बनाएपछि अहिले व्यावसायिक बन्न थालेको रुद्रताल सामाजिक महिला सहकारी संस्थाकी कोषाध्यक्ष तारा पुनले बताइन् । तालिम लिनु पूर्व वनजङ्गल र बारीमा भएका बाँको, सिस्नो खेर गएकामा अहिले प्रशोधन गरेर पैसासँग साट्ने गरेको उनको भनाइ छ । तालिमले यहाँका महिलालाई व्यावसायिक बनाएको पुनले बताइन् । उनले भनिन्, 'बाँको त हाम्रो जङ्गलमा जति पनि पाइन्छ, सिस्नोले बारीनै ढाक्छ, पहिले यतिकै खेर गएका ती वस्तुहरू अहिले प्याकेजिङ र ब्राण्डिङ गरेपछि पैसामा बिक्री हुन्छ, सिस्नोका पाउडर बनाउन दुई सातासम्म लाग्छ, गुन्द्रुक १० दिनमै तयार गर्न सकिन्छ ।' आफूहरूले उत्पादन गरेको सिस्नोको पाउडर, बाँकोको गुन्द्रुक, सिमीलगायतका स्थानीय उत्पादन जापान, हङकङसम्म पुगे गरेको उनको भनाइ छ । मागअनुसार बजारमा

उत्पादन पठाउन सकेको पुनले बताइन् । गत वर्ष रु चार लाखको सिस्नोको पाउडर, रु दुई लाखको गुन्द्रुक र दुई लाखको सिमी बिक्री गरेको उनको अनुभव छ । जैमिनी नगरपालिका–३ का अध्यक्ष कृष्ण भुजेलले महिलालाई उद्यमी बनाउन तालिम सञ्चालन गरेपछि स्थानीय उत्पादनको प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ गरी बजारीकरण गर्न थालेको बताए । नगरपालिकाले तालिमसहित आलु काट्ने, प्याकेजिङ, लेबलिङ र प्याकेजिङ गर्ने मेसिन उपलब्ध गराएपछि महिला सक्रिय बनेको उनको भनाइ छ । महिलाले सुरुमा करिब २० लाख रुपैयाँ लगानीमा प्याकेजिङसहितको मेसिन लिएर उद्योग सञ्चालन गरेका थिए । पछिल्लो समय देश विदेशबाट उनीहरूको उत्पादनको माग बढ्दै गएपछि महिला उद्यमी उत्साहित बन्दै गएका छन् । रासस

# कागज उद्योगमा रमाउँदै पासाङ

**गोरखा ।**
भोजपुरको सिलिचोङबाट रोजगारीका लागि ३५ वर्षअघि भौतारिएर हिडेका पासाङ निमा शेर्पाले ताप्लेजुङको एक नेपाली हाते कागज उद्योगमा काम पाए । घरमा चौंरी पाल्न दुःख भएपछि गाउँ छोडेर जागिरको खोजीमा निस्किएका उनलाई के काम पाइन्छ र के गर्ने भन्ने टुङ्गो थिएन ।
हाते कागज उद्योगमा काम छाडेर फेरि कामकै खोजीमा उनी बाजुरा पुगे । पासाङले बाजुरामा काम त पाए तर त्यहाँ पनि हाते कागज उद्योगमै । केही समयमा बाजुरा छोडेर सुर्खेत गएका उनी फेरी कागज उद्योगमै पुगे ।
'त्यो उद्योगमा काम जानेको मान्छे अरू रहेनछ, उद्योगले मान्छे खोजी रहेका बेला म पुगें, बर्सौं भन्यो त्यहाँ पनि डेढ वर्ष जति काम गरें', विगत सम्झँदै उनले भने । २२ वर्षअघि गोरखा र लम्जुङको सिमानामा रहेको चेपेखोलामा आफ्नतले चलाएको उद्योगमा आएर छ वर्ष जति काम गरेपछि आफैलाई उद्योग आफै चलाउने हिम्मत आयो । करिब पाँच लाख रुपैयाँ ऋण खोजेर हाते कागज उद्योग चलाउन शुरु गरे । 'अहिले वार्षिक १५ देखि २० लाखसम्म कारोबार हुन्छ,' उनले भने, 'नियमित पाँच जनालाई रोजगारी दिएको छु, सिजनमा कच्चा पदार्थ (लोक्ता) काढ्ने थुप्रै हुन्छन् ।'
चैत–वैशाखमा सयजना जतिले लोक्ता काढ्ने गरेको उनी बताउँछन् । 'पुर्जी बनाएर पठाइदिएपछि धार्चे, चुमनुब्री, अजिरकोटलगायतका क्षेत्रमा सङ्कलन गरिएको लोक्ता मजदुरले उद्योगमा ल्याउँछन्', पासाङले भने,'उनीहरूले पनि प्रतिकिलो १५० रुपैयाँ भन्दा बढी बुझेर फर्कन्छन् ।'
गोरखा नगरपालिका–६, स्थित नयाँबस्तीमा पासाङले सञ्चालन गरेको गोरखा मनकामना नेपाली हाते कागज उद्योगबाट उत्पादित नेपाली कागजको बजारमा माग धेरै छ । 'धेरैजसो त कागज लिन उद्योगमै आइपुग्छन्,



कहिले त पहिले पैसा पठाइदिन्छन् अनि मलाई यति सामान चाहियो भन्छन्, त्यसपछि म यहाँबाट कागज पठाइदिने गरेको छु', पासाङले भने ।
जग्गा भाडामा लिएर उनले उद्योग सञ्चालन गर्दै आएका छन् । पासङको उद्योगमा वार्षिक १० देखि २० 'टन' कागज उत्पादन हुने गर्दछ । उत्पादित नेपाली हाते कागज चार किलोको तीन हजार ५०० रुपैयाँ सम्ममा बिक्री हुन्छ । 'बजारको मागअनुसार पुऱ्याउन अझै सकेको छैन', पासाङले भने, 'कच्चा पदार्थ राम्रो पाइने

हुँदा गोरखामा उत्पादित नेपाली कागज अन्य ठाउँको तुलनामा राम्रो र छिटो नगल्ने भएकाले पनि माग बढी भएको हो ।'
पासाङको उद्योगमा अहिले २० देखि ६० ग्राम तौलसम्मका नेपाली कागज उत्पादन हुँदै आएको छ । उद्योग चलाएर उनले दुईवटा छोरीलाई पढ्ने लागि विदेश पठाएका छन् । साना तथा घरेलु उद्योगलाई स्थानीय सरकारले पनि सहयोग गरेमा अझै सजिलो हुने उनी बताउँछन् । रासस

# चैते धान रोप्दै वनकरिया



**मकवानपुर ।**
मकवानपुरको मनहरी गाउँपालिकाका लोपोन्मुख वनकरिया समुदायले चैतेधान रोप्न शुरु गरेका छन् । डेढ दशक अगाडिसम्म खेतीपाती नगर्ने फिरन्ते यो समुदाय हाल खेतीपाती र पशुपालनमा व्यस्त हुन थालेको हो । खेतमा धान रोप्दै गरेकी सुन्तली वनकरियाले हरेक वर्ष करिब पाँच क्विन्टल चैतेधान भित्र्याउने गरेको बताइन् । उनका अनुसार पानी कम हुने भएकाले जम्मा तीन कठ्ठामा मात्र चैतेधान रोप्ने गरेकी छिन् भने समुदायमा सबैले करिब आफ्नो जग्गाको आधा जग्गामा मात्र चैतेधान रोप्ने गरेका छन् ।
चैते धानले उक्त समुदायलाई चार महिना सजिलै पुग्ने सुन्तलीको भनाइ छ । उनी भन्छिन्, 'हाम्रा सासुससुराले धान रोप्ने गर्नुहुन्न थियो, किनकि उहाँहरू जंगलमा बस्ने गर्नुहुन्थ्यो । तर, अहिले हामीलाई करिब खान पुग्ने खेती हामी गर्छौं,' उनी थप्छिन्, 'हामी धान, मकै, आलु र तरकारी खेती गर्छौं, भैंसी र बाख्रा पालेका छौं ।' उनका दुई

छोरा, श्रीमानसहित चारजनाको परिवार छ । खानका लागि खेतीले पुग्ने र बच्चा पढाउन र अन्य खर्चको जोहो गर्न भने कमाउन जानुपर्ने बाध्यता रहेको उनी बताउँछिन् ।
त्यसैगरी, चार छोरी र तीन छोरासहित ठूलो परिवार रहेको विष्णु वनकरिया पनि अहिले चैतेधान रोप्न व्यस्त छिन् । उनको हालको दैनिकी आफ्नो खेतमा धान रोप्ने मात्र होइन, समुदायका सदस्यकामा मेलापर्म गरेर बित्ने गरेको छ । बाहिरबाट काम गर्नका लागि कोही पनि नबोलाउने भएका कारण उनीहरू एक–अर्काको पर्म गर्ने गरेको उनी बताउँछिन् ।
समुदायकी मुखिया सन्तमाया वनकरियालाई पनि चैतेधान रोप्न भ्याइनभ्याइ छ । उनी बिहान सबेरै उठेर बिउ काढ्ने गर्छिन् । बालबालिका विद्यालय गइसकेपछि पालैपालो धान रोप्ने गरेको उनी बताउँछिन् । जेटिए अध्ययन गरेर गाउँमा नै सेवा गरिरहेकी सन्तोषी वनकरियालाई अहिले रोपिरहेको धान भित्र्याउँदाको खुसीभन्दा पनि धान रोपिरहेको

जमिनको स्वामित्व स्थायी रुपमा हस्तान्तरण नभएको चिन्ता लाग्ने गरेको छ ।
आफू वनमा जन्मेको भए पनि बालापन बिताएको उक्त बस्तीको जमिन आफूहरूका लागि तत्कालीन अवस्थामा २० वर्षलाई मात्र दिएको र उक्त समय सकिन लागेको कारण आफू चिन्तित भएको उनको भनाइ छ । उनका अनुसार समुदायलाई ०६२ मा तत्कालीन जिविसले सामुदायिक वनको छेउमा २० वर्षका लागि जग्गा दिएर बस्ती बसाएको करिब १९ वर्ष भएको छ ।
वनकरिया समुदायले १८ वर्षअगाडिसम्म खेती गर्न नजानेको र बालबालिकालाई पनि गाईभैंसीको दुध खुवाउने चलनसमेत नभएको समुदायकी मुखिया सन्तमायाको भनाइ छ । उनका अनुसार तत्कालीन समयमा गिठा, भ्याकुर, च्याउ, खनायो, कुरिलो माछा खाएर जीवन धान्ने गरिन्थ्यो भने हाल खेतीपाती र पशुपालनबाट खानका लागि पुग्ने गरेको छ । रासस

# आर्मी फराकिलो रन अन्तरले विजयी

**रुपन्देही ।**
प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल आर्मी क्लबले बागमती प्रदेशलाई फराकिलो रन अन्तरले विजयी भएको छ । आर्मीले बागमतीलाई १३४ रनले पराजित गरेको हो ।
रुपन्देहीको सिद्धार्थ क्रिकेट रङ्गशालामा टस जितेर पहिला ब्याटिङ गरेको आर्मी क्लबले निर्धारित ५० ओभरमा ८ विकेटको क्षतिमा २६२ रन बनायो । २६३ रनको लक्ष्य पछ्याएको बागमती पदेश २७ ओभरमा १२८ रनमा समेटियो । आर्मीका लागि सन्तोष कार्कीले अर्धशतकीय पारी खेले । उनले ९८ बलको सामना गर्दै १० चौका र एक छक्का हान्दै ७६ रन बनाए । यस्तै, विनोद भण्डारीले ५० बल

खेल्ने क्रममा ५ चौका प्रहार गरी अविजित ४७ रन बनाए । तिर्तराज दासले ३६, विवेक यादवले ३० र कुशल मल्लले २६ रन बनाए । बलिङतर्फ बागमती प्रदेशका लागि प्रतिश जिसी, राजन ढकाल र ईशान पाण्डेले दुई दुई तथा सोनु देवकोटाले एक विकेट लिए । बागमती प्रदेशका लागि ब्याटिङ गर्ने क्रममा विवेक मगरले अद्र्धशतकीय पारी खेले । उनले ५० बलको सामना गर्दै ५ चौका र ३ छक्काको सहयोगमा ५१ रन बनाए । यस्तै ईशान पाण्डेले १९ र आयुतोष घिरैयाले १० रन बनाए । बलिङतर्फ आर्मीका लागि साहब आलमले चार तथा आकाश चन्दले तीन विकेट लिए । बागमतीले लगातार दोस्रो खेलमा हार बेहोरेको हो । रासस

# ट्रम्पको ग्रीनल्याण्डबारे भनाइ 'तरंगी': ग्रीनल्याण्ड

**ग्रीनल्याण्ड ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रीनल्याण्डमाथि कब्जा जमाउन चाहेको बताउँदै आएको प्रसङ्गलाई लिएर ग्रीनल्याण्डका प्रधानमन्त्रीले सोमबार उनको यो भनाइलाई 'तरङ्गी' बताएका छन् ।
सोमबार डेनिस प्रान्तको विधायिकी निर्वाचनको पूर्वसन्ध्यामा प्रधानमन्त्री म्यूट एजेडले डेनिस सार्वजनिक रेडियोसँगको कुराकानीमा उनले भने, 'अहिले विश्व व्यवस्था धेरै मोर्चाहरूमा विभाजित भएको र डगमगाइरहेको छ । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति ट्रम्पले धेरै अप्रत्याशित धारणा सार्वजनिक गर्दै विश्व समुदायलाई तरङ्गीत र असुरक्षित महसुस गराउनुहुन्छ ।'

गत हप्ता अमेरिकी कंग्रेसलाई सम्बोधन गर्दै ट्रम्पले राष्ट्रिय र अन्तर्राष्ट्रिय सुरक्षाका कारण अमेरिकालाई विशाल आर्कटिक टापुको आवश्यकता रहेको तर्क गर्दै ग्रीनल्याण्ड कब्जा गर्ने आफ्नो योजना दोहोर्याएका थिए ।
डेनमार्कबाट ग्रीनल्याण्डको स्वतन्त्रताको समयसीमा निर्धारण गर्दा यस क्षेत्रको चुनावी अभियान हावी भएको छ ।
ट्रम्पले भनेका थिए,'हामी आफ्नो भविष्य आफै निर्धारण गर्ने तपाईंको अधिकारको दृढतापूर्वक समर्थन गर्दछौं र यदि तपाईंले रोज्नुभयो भने हामी तपाईंलाई संयुक्त राज्य अमेरिकामा स्वागत गर्दछौं ।'
अमेरिकाले कुनै न कुनै रुपमा

ग्रीनल्याण्ड पाउनेमा आफू विश्वस्त रहेको राष्ट्रपति ट्रम्पले बताए ।
अमेरिकी कङ्ग्रेसमा कतिपय रिपब्लिकनसमेतलाई हाँसाको विषय बनेका यी योजनालाई धेरै ग्रीनल्याण्डवासीहरूले उपहासको रुपमा लिएका थिए ।
'हामी सम्मानका साथ व्यवहार गर्न योग्य छौं तर अमेरिकी राष्ट्रपतिले पदभार ग्रहण गरेदेखि पछिल्लो समय यस्तो गरिरहेको जस्तो मलाई लाग्दैन,' इजेडले भने । उनले भने, 'अमेरिकी राष्ट्रपतिले हाल दिएका अभिव्यक्तिको अर्थ यो हो कि हामी अमेरिकासँग विगतमा जति नजिक थियौं त्यति नजिक हुन चाहदैनौं ।'रासस

# यसरी बन्यो 'अञ्जिला'

**काठमाडौँ ।**

महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान तथा गोलरक्षक एन्जिला तुम्बापो सुब्बा खेल प्रेमिका लागि परिचित नाम बनिसकेकी छन् । युरोपको एउटा व्यावसायिक क्लबबाट समेत खेल खेलिरहेकी कप्तान सुब्बाले चलचित्र 'अञ्जिला' मा अभिनय समेत गरेकी छन् । फुटबलप्रतिको मोह, क्षमता र घरभित्रबाट बाहिर निस्कन गरेको सङ्घर्षदेखि कप्तान बन्दासम्मको कथा रहेको चलचित्रमा उनी आफैँले अभिनय गर्नु दुर्लभ संयोग हो । नेपालमा खेलकुदसँग जोडिएको वा खेलाडीको विषयमा कमै चलचित्र निर्माण भए पनि विश्वमा धेरै चलचित्र बनेका छन् । यद्यपि आफ्नो भूमिकालाई आफैँ निर्वाह गर्नु दुर्लभ मानिन्छ । यसका लागि कप्तान सुब्बा पनि तयार भएकी थिइन् किनकी खेल तालिकाबाट समय मिलाउनुपर्ने र अभिनय गर्नुपर्ने थियो । सानैदेखि फुटबल मात्र बुझेकी कप्तान सुब्बालाई आफ्नो कथाले अरुलाई प्रेरणा दिन सन्छ र आफू बाहेक अन्यले भूमिका निर्वाह गर्दा खेलाडी झैँ देखिन कठिन हुन्छ भन्ने लागेपछि चलचित्रमा अभिनय गर्न उनी तयार भइन् ।

'मैले झन्डै डेढ वर्ष कुराएर खालिरहेको एक महिना समय दिएकी थिएँ । मेरो लागि अभिनय नयाँ थियो, तर मैरै कथा भएकाले यसमा अभिनय मात्र निकै कम गर्न पर्‍यो । सोही कारण मैले चलचित्र गर्ने निर्णय लिएकी थिएँ, यसका लागि मलाई सबैले सहयोग गर्नुभयो', कप्तान सुब्बाले भने । चलचित्रमा उनको बाल्यकाल, तेह्र वर्षसम्मको भूमिका अन्य कलाकारले निर्वाह गरिन् । त्यसपछि देखाइएका अधिकांश दृश्यमा उनले फुटबल खेलेकी छन् ।

लगभग उनी पर्दामा देखिने समयको पच्चीस प्रतिशत मात्र छ । त्यस अगाडि नै उनको धर्मपिता तथा चलचित्रका निर्माता प्रेमकुमार श्रेष्ठ र निर्देशक मिलन चाम्सले नाटकघरमा लगेर नाटक देखाउने, अभिनेता दयाहाङ राईसहितका कलाकारसँग घुलमिल गराउन थालेपछि कप्तान सुब्बाले सहजता महसुस गरेकी थिइन् । फुटबल खेलाडी र त्यसमा पनि गोलरक्षक बन्नुसँगै अभिनय पनि उनको लागि संयोग भयो । चलचित्रको कथा तयार गर्ने क्रममा कप्तान सुब्बाले अभिनयमा त्यति धेरै चासो नदिएको निर्माता श्रेष्ठले बताए ।

'उहाँको स्वभावले नै होला, अभिनयमा मन गर्नुभएको थिएन । तर, हामीले उहाँसँग चलचित्रमा देखिने कलाकारसँग सामिप्यता बढाउनुका साथै चलचित्रको छायाङ्कन पनि देखायौँ । दृश्य पूरा गर्न गरिने 'रिटेक' देखाएपछि, दिग्गज कलाकारले काम गर्ने शैलीसँग अवगत गराएपछि कप्तान सुब्बाले आफ्नो भूमिका आफैँ निर्वाह गर्न तयार हुनुभयो', निर्माता श्रेष्ठले भने ।

उनले खेलाडी सुब्बालाई तेह्र वर्षकै उमेरमा पूर्वाञ्चलको टोलीबाट राष्ट्रिय प्रतियोगिता खेल्न धनगढी पुग्दा भेटेका रहेछन् । त्यहाँ नियमित गोलरक्षक अनुपस्थित भएपछि खेलाडी सुब्बाले अवसर पाएकी थिइन् । तेह्र वर्षमै उनमा देखिएको कौशलताले उपस्थित सबैको मन जित्यो । तात्कालीन समयमा विभागीय टोली सशस्त्र प्रहरी बलका व्यवस्थापक रहेकी निर्माता श्रेष्ठले खेलाडी सुब्बाको बारेमा बुझ्न तात्कालीन कोच नरबहादुर राईलाई जिम्मा दिए ।

कोच राई विविध कारणले जागिर छोडेर विदेशिनु भएपछि खेलाडी सुब्बासम्म पुग्ने बाटो नै रोकियो । यद्यपि त्यसको केही समयपछि विभागीय टोलीमा गोलरक्षक चाहिएपछि व्यवस्थापक श्रेष्ठले खोजी पुनः शुरु गरे ।

मोरङ फुटबल सङ्घका तात्कालिक अध्यक्ष दीपेन्द्र घिमालमार्फत सम्पर्क भएपछि उनले खेलाडी सुब्बालाई काठमाडौँ ल्याएका थिए । 'मलाई घिमालजीले खेलाडी सुब्बाको खेलकुदप्रतिको रुचि, शिक्षाको अवस्था र परिवारको आर्थिक अवस्थाबारे जानकारी गाएपछि पढाउने, खेलाउनु र निरीक्षण गर्ने जिम्मा लिएर काठमाडौँ ल्याए । त्यसपछि उनी आफ्नै क्षमताले अहिलेसम्मको यात्रा तय गरिन् । उनलाई तेह्रवर्षदेखि नै देखेकाले सङ्घर्ष र सफलतालाई जोडेर चलचित्र बनाउछौं भन्ने लागेर अञ्जिला बनाएका हौँ', निर्माता श्रेष्ठले भने । विभागीय टोली सशस्त्र प्रहरी बलमार्फत खेल्न शुरु गरेकी खेलाडी सुब्बाले सन् २०१४ मा श्रीलङ्कामा आयोजना भएको 'एएफसी यू–१४' क्षेत्रीय प्रतियोगिताका लागि छनोट हुनुका साथै कप्तानी गरेर नेपालमा महिला फुटबलमा पहिलो आधिकारिक उपाधि जिताउन सफल भइन् । कुनै गोल नखाई पाएको उपलब्धिका कारण खेलाडी सुब्बाले सन् २०१६ को पाकिस्तानमा भएको १२ औं सागमा श्रीलङ्काविरुद्धको खेलबाट राष्ट्रिय टोलीमा गोलरक्षकको रुपमा खेल्दै आइरहेकी छन् ।

दुई वर्षदेखि राष्ट्रिय टोलीको नेतृत्व गर्न थालेकी कप्तान सुब्बाले चलचित्रले आफ्नो बारेमा बुझ्न मद्दत गर्ने बताइन् । 'मेरो सफलता पछाडि सङ्घर्षलाई चलचित्रले चित्रण गरेको छ । हामी जे जस्तो भए पनि दृढ सङ्कल्पका साथ इमान्दार भएर मेहनत गर्ने हो भने लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने प्रेरणा चलचित्रले दिन्छ जस्तो लाग्छ । साथै नेपाली खेल र खेलाडीको विषयमा चलचित्र बन्न शुरू हुने मेरा लागि सुखद खबर हो, आगामी दिनमा अन्य खेलाडीको कथा चलचित्रमा हेर्न पाइनेमा विश्वसत छु', कप्तान सुब्बाले भनिन् । निर्माता श्रेष्ठले यही समय उपयुक्त लागेर चलचित्र निर्माण गरेको बताए । उनका अनुसार केही समय पर्खिंदा कप्तान सुब्बालाई अभिनय गराउन असहज हुन्थ्यो । सशस्त्र प्रहरी बलमा सत्ताइस वर्ष सात महिना सेवा गर्दा डिएसपीसम्म भएका श्रेष्ठले विभागीय टोलीमा बीस वर्ष काम गरे । खेलकुदसँग जोडिएको चलचित्र हेर्न रूचाउने श्रेष्ठले अन्ततः चलचित्र निर्माण गरे । 'खेलाडीको विषय चलचित्रमा आए धेरै दर्शकसम्म पुग्छ । यसले खेलप्रति दर्शकको आकर्षण पनि बढ्छ भन्ने लागेको छ । साथै, हामीले एञ्जिलाको आफ्नै घर भन्ने अभियान पनि शुरु गरेका छौँ । यस चलचित्रमार्फत आएको सम्पूर्ण मुनाफा उनको घर निर्माणमा प्रयोग गरिनेछ । हामीले नेपालमा सार्वजनिक प्रदर्शन अगाडि हङकङ र बेलायतमा गरेको विदेश प्रदर्शनीबाट कप्तान सुब्बाले सहयोग प्राप्त गरिसकुभएको छ', निर्माता श्रेष्ठले भने ।

'अञ्जिला' अगाडि आँखाको ज्योति गुमाएकी सृष्टी केसीको जीवनी आधारित 'ब्लाइन्ड रक्स' र उमेश थापा र कविता गुरुङको जीवनीमा आधारित 'बबी' निर्देशन गरिसकेका निर्देशक मिलन चाम्सले तेस्रो पटक 'वायोपिक' चलचित्र तयार गरेका हुन् । उनले चलचित्र ९० प्रतिशत कप्तान सुब्बाको जीवनी देखाइएको बताए ।

'चलचित्र भएकाले हामीले त्यही शैलीमा निर्माण गर्न केही दृश्यलाई फरक तरिकाले छायाङ्कन गरेका छौँ, तर त्यसले मूल कथालाई प्रभाव पारेको छैन । यसमा खेल मात्र नभइ कप्तान सुब्बाको जीवनी देखाइएको छ । उनको बाल्यकालदेखि कप्तान बन्दासम्मको यात्रा चलचित्रमा छ', निर्देशक चाम्सले भने । चलचित्रमा कप्तान सुब्बासँगै अभिनेता दयाहाङ राई, सुनिल थापा, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, वुद्धि तामाङ लगायतको अभिनय गरेका छन् ।

महिला खेलाडीको विषयमा चलचित्र बन्नु र त्यसमा आफू अभिनेताको रुपमा जोडिन पाउनु आफ्ना लागि अवसर रहेको अभिनेता राईले बताए । 'म हरेक खेलकुद हेर्छु, आफूले सक्दो प्रवद्र्धन पनि गरिरहेको हुन्छु । महिला फुटबलले पाइरहेको सफलता र भविष्य निकै राम्रो छ । यस्तै बेलामा कप्तानको जीवनीमा चलचित्र बन्नु खेल प्रेमिका हिसाबले खुसीको खबर थियो । त्योसँगै अभिनय नै गर्न प्रस्ताव आएपछि पटकथा नसुन्दै अभिनय गर्ने सहमति दिएको थिएँ । किनकि यो अवसर एउटा अभिनेता र खेल प्रेमिका हिसाबले गुमाउनु हुन्थेन', अभिनेता राईले भने । कप्तान सुब्बाको आउँदो समयमा खेलाडीको विषयमा चलचित्र बन्नका लागि 'एञ्जिला' को सफलताले ठूलो प्रभाव पार्ने बुझाइ छ । उनले अन्य निर्माता, निर्देशकलाई खेलको विषयमा आकर्षित गर्न पनि व्यावसायिक रूपमा चलचित्रको सफलता अनिवार्य रहेको बताए । 'खेलकुदको विषयमा चलचित्र बन्नु आफैँमा नयाँ कार्य हो । अहिले खेलले पाइरहेको माया देख्दा आगामी दिनमा अन्य खेलाडी वा खेलकुदको विषयमा चलचित्र बन्छ जस्तो लागेको छ । तर, धेरै व्यावसायिक नतिजा कसको आउला भनेर कुर्नुभएको छ, म पनि त्यसकै पर्खाइमा छु', कप्तान सुब्बाले भने । चलचित्र होलीको अवसर पारेर आउँदो फागुन २९ देखि नेपालसहित विदेशका केही स्थानमा प्रदर्शन हुने निर्माण पक्षले जनाएका छन् । रासस









# गहवामाई मन्दिरको खाली जग्गामा निर्माण कार्यको शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १० आदर्शनगरस्थित प्रसिद्ध शक्तिपीठ गहवामाई मन्दिरको नाममा रहेको ८ कठ्ठा खाली जग्गामा बाउन्ड्री वाल तथा गेट निर्माण कार्यको शिलान्यास गरिएको छ । यसका साथै भवानीपुर स्कूल भवनको लागि पनि १ करोड रुपैयाँको बजेट छुट्याइएको छ । सोमबार संघीय सांसद बिना जयसवाल कुर्मीको प्रमुख आतिथ्यतामा आयोजित भूमिपूजन तथा शिलान्यास समारोहमा करिब १ करोड रुपैयाँको संसदीय विकास योजनाअन्तर्गत बाउन्ड्री वाल निर्माण, माटो भराइ तथा गेट निर्माण कार्य अघि बढाइएको छ । त्यसैगरी भवानीपुर स्कूल भवनको लागि १ करोडको बजेटमा छुट्याइएकोमा सोमबार निर्माण गर्न शिलान्यास गरिएको छ ।

सांसद जयसवालले मन्दिरको संरक्षण तथा धार्मिक महत्व अभिवृद्धि गर्ने उद्देश्यले आफूले पहल लिएको बताइन् । उनका अनुसार वीरगंजवासीको आस्थाको केन्द्र रहेको गहवामाई मन्दिरको लागि संसदीय कोषबाट योगदान गर्ने योजना प्रारम्भदेखि नै रहेको थियो । मन्दिर क्षेत्रलाई व्यवस्थित बनाउन समितिको सिफारिसअनुसार उक्त बजेट विनियोजन गरिएको उनको भनाइ छ । साथै, उनले ठाकुरराम कलेजको पछाडी रहेको सो जग्गामासम्म पुग्ने बाटोमा धुलो तथा खाल्डाखुल्डी रहेकोले आगामी दिनमा व्यवस्थित सडक निर्माणका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरिन् । माईस्थान मन्दिर सञ्चालक समितिका अध्यक्ष नरेन्द्र कुमार साहका अनुसार आगामी दिनमा सो जग्गामा सामुदायिक भवन निर्माण गर्ने तथा गहवामाई माताको प्रतिमा स्थापना गर्ने योजना रहेको बताए ।



***यात्रुको पर्खाइमा रिक्सा चालक:*** *वीरगंजको घण्टाघरचोकमा यात्रुको प्रतिक्षामा बसेका रिक्साचालक । उनीहरु भन्छन् 'पछिल्लो समय रिक्सा चढ्ने यात्रु घटेपछि यहाँ रिक्सा चलाउनेले दैनिक मुस्किलले ५ सय रुपैयाँ कमाई गर्ने भएकाले घरपरिवारको गुजारा चलाउन पनि गाह्रो भइरहेको छ ।' तस्बिरः हिमाल लम्साल/रासस*

# जिल्ला प्रशासन कार्यालय पर्सा अगाडि आत्मदाहको प्रयास

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्सा अगाडि एकजनाले आत्मदाहको प्रयास गरेका छन् । जिल्ला प्रशासन कार्यालय पर्सामा सुरक्षा अधिकारीहरुको बैठक बसिरहेकै समयमा बाराको पचरौता नगरपालिकाका वृजकिशोर साह भन्ने व्यक्तिले आत्म दाहको प्रयास गरेका हुन् । शरीरमा प्रज्ज्वलनशील पदार्थ छर्किएर आगो लगाउने प्रयास गर्दा सशस्त्र प्रहरीले रोकेको छ । उनलाई रोक्ने क्रममा सामान्य घाईते पनि भएका छन् ।

सशस्त्र प्रहरीले उनलाई तत्काल जिल्ला प्रशासन कार्यालयकै गाडीमा राखेर नारायणी अस्पतालमा लगिएको थियो । उनको अवस्था सामान्य नै रहेको छ । त्यसअघि उनले विष पनि सेवन गरेको हल्ला भएको छ । पचरौता स्थायी ठेगाना भएपनि वीरगंजको रानीघाटमा बस्दै आएका उनी मिटरब्याज पीडित भएको बताईएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक सुवास भट्टले जिल्ला प्रशासन कार्यालय भित्रै बैठकमा रहेको बेला जानकारी आएको र यसविषयमा थप अनुसन्धान भइरहेको बताए ।

# विकास निर्माण खर्चमा वीरगंज महानगर पहिलो

**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्षको साउनदेखि माघ महिनासम्म (पहिलो सात महिना) नेपालका ६ प्रमुख महानगरपालिकाले विकास निर्माणका लागि छुट्याइएको बजेटमध्ये औसत रूपमा मात्र १८ प्रतिशत खर्च गर्न सकेका छन् । सार्वजनिक तथ्यांक अनुसार, वीरगंज महानगरपालिकाले सबैभन्दा बढी खर्च गरेको देखिएको छ भने भरतपुर महानगरपालिका सबैभन्दा पछाडि परेको छ ।

सबैभन्दा बढी खर्च गर्न सफल महानगर वीरगंजले कुल ८ अर्ब २९ करोड रुपैयाँको पूँजीगत बजेटमध्ये ३२.६२ प्रतिशत अर्थात् ८० करोड २८ लाख रुपैयाँ खर्च गरेको छ । यो अन्य महानगरहरूभन्दा धेरै भए पनि अझै सन्तोषजनक दर मान्न सकिँदैन । पोखराले ८.०८ प्रतिशत, ललितपुरले १८.८८ प्रतिशत, काठमाडौंले १३.८० प्रतिशत, विराटनगरले १२.२२ प्रतिशत खर्च गरेका छन् । खर्चको प्रतिशत हेर्दा काठमाडौं र विराटनगरले सबैभन्दा उच्च प्रतिशतमा बजेट खर्च गरेको देखिए पनि यी महानगरहरूले कुल रकमको हिसाबले कम बजेट खर्च गरेका छन् । सबैभन्दा कम खर्च गर्ने भरतपुर महानगरपालिकाले ३ अर्ब ७८ करोड रुपैयाँमध्ये मात्र १०.५५ प्रतिशत अर्थात् ८० करोड ८ लाख रुपैयाँ खर्च गरेको छ । विकास बजेट खर्च गर्न नसक्दा भरतपुर महानगरपालिकाका योजना कार्यान्वयनमा ढिलाइ भएको देखिन्छ ।

# ५८ लाख रुपैयाँ भन्दा बढीका गरगहना बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल, सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलीले भारीमात्रामा सुन तथा हिराको गरगहना बरामद



गरेको छ ।

फागुन २४ गते वीरगंज महानगरपालिका वडा नम्बर १६, भन्सार मेनगेट नजिकै सवारी साधन जाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ ल्याइँद गरेको गरगहना बरामद गरिएको हो । परीक्षणका लागि सुनचाँदी व्यवसायी संघ, पर्सामा पठाइएपछि ती सामग्रीहरू सुन र हिराका भएको प्रमाणित भएको थियो । ९७०.३७ रत्तिका हिरा ३६ लाख १५ हजार ८७ रुपैयाँ, फेन्सी ब्रासलेट – ९ पिस, औँठी – ४ पिस, मगलसूत्र – ४ पिस, विभिन्न किसिमका गहना – ११ पिस, लकेट – ४ पिस, झुम्का – १३ पिस, टप – ६ जोर रहेको छ । १२४६.७३ ग्राम सुन २२ लाख ५१ हजार ८ सय ४० रुपैयाँ गरी कुल ५८ लाख ६६ हजार ९ सय २७ रुपैयाँ बरामदको गरगहना वीरगंज भन्सार कार्यालय पर्सामा बुझाइएको छ । उता, बारा प्रहरीले अवैध रुपमा लगाएको अफिम खेती नष्ट गरेको छ । बारा आदर्शकोतवाल गाउँपालिका वडा नं.– ५ को टेडाकट्टी स्थित खेतबारीहरूमा लुकाई छिपाई लगाएको अफिम खेती नष्ट गरेको हो । विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बारागढी, बाराबाट प्र।नि ध्रुवनारायण श्रेष्ठ र इलाका प्रहरी कार्यालय महेन्द्र आदर्श जयनगरबाट प्रहरी नायव निरीक्षक तुलसी राज पोखरेल समेतको कमाण्डमा खटिएको संयुक्त टोलीले बिभिन्न ८ ठाँउ गरी ३ कट्ठामा लगाएको तीस हजार बोट अफिमको बोट फडानी गरी नष्ट गरेको छ ।

# महिलालाई समानुपातिक निर्वाचन क्षेत्र आरक्षण गर्नुपर्छः सापकोटा

**काठमाडौँ ।**
नेपाली कांग्रेस लुम्बिनी प्रदेश कार्यसम्पादन सदस्य विष्णुकुमारी सापकोटा राष्ट्रियसभा सदस्य हुन् । यसअघि उनले नेपाल विद्यार्थी सङ्घको केन्द्रीय सदस्य, नेपाल महिला सङ्घको सभापतिको जिम्मेवारीमा रहेर काम गरेकी थिइन् । उनले विगत लामो समयदेखि महिला अधिकारको क्षेत्रमा काम गर्दै आएकी छन् ।

राष्ट्रियसभाको सदस्य भएको एक वर्ष भयो । जनताको पक्षमा काम गर्नका लागि राष्ट्रियसभा उत्कृष्ट थलो रहेछ । राष्ट्रियसभामा मैले महिलाअधिकारका पक्षमा पटकपटक आवाज उठाएको छु । हाम्रो देशमा अहिले पनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छैन, महिला हिंसा र विभेद बढ्दो छ । बालिका बलात्कार र यौनजन्य हिंसाका घटनाका समाचार दिनहुँ आइरहेका छन् । महिलाहरु आत्महत्या गर्न विवश छन् । जबसम्म महिलाहरु नेतृत्व तहमा आउँदैनन्, तबसम्म महिला हिंसा रोकिँदैन भन्ने लाग्छ । खासमा निर्णायक तहमा नेपाली महिलाहरु पुगेकै छैनन् । महिला हिंसामा संलग्नलाई कानुनअनुसार कडा कारबाही हुनुपर्छ । उनीहरुलाई कुनै पनि राजनीतिक संरक्षण हुनुहुँदैन ।



संविधानलाई टेकेर केही कामहरु अगाडि बढाइएको छ । तर संविधानमा लेखेको विषय जति कार्यान्वयन हुनुपर्ने थियो, त्यति हुन सकेको छैन । संविधानमा भएका व्यवस्था कार्यान्वयन गर्ने हो भने देशका धेरै समस्या समाधान हुन्थ्योजस्तो लाग्छ । तथापि संविधान संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ किनभने संविधानमा रहेका कतिपय प्रावधानले राजनीतिक स्थायित्वमा नै प्रश्न उठ्न थालेका छन् । जस्तै, निर्वाचन प्रणाली असाध्यै महँगो भयो । त्यसलाई संशोधन गर्नुपर्ने आवश्यकता छ । तर संविधानमा व्यवस्थित समानुपातिक प्रणालीलाई भने हटाउनु हुँदैन । त्यही समानुपातिक प्रणाली भएका कारण महिला, मधेशी, दलित, जनजाति संसद्सम्म पुग्न पाएका छन् । बरु महिलालाई समानुपातिक निर्वाचन क्षेत्र आरक्षण गर्नुपर्छ । संविधान संशोधन गर्दा महिलाको अधिकार कटौती गरिनुहुँदैन ।

देशमा सुशासनको लागि सरकार अलि कडा रुपमा प्रस्तुत हुनुपर्ने देख्दैछु । स्थायी सरकार भनेको कर्मचारी हो । मुख्यगरी कर्मचारी इमान्दार हुनुपर्छ सुशासनको लागि । राजनीतिक दलका नेता इमान्दार हुनुपर्छ । कर्मचारीले जनतालाई सास्ती दिनुहुँदैन । विदेशिएका युवाशक्तिलाई देशभित्रै फर्काउनका लागि सरकारले उद्योग खोलिदिनुपर्छ । उद्योग, कलकारखाना खोल्ने वातावरण सरकारले बनाउनुपर्छ । एउटा नेपाली युवा देशभित्रै केही गर्छु भनेर स्वदेश फर्किएको हुन्छ, तर देशभित्र वातावरण नै हुँदैन । सरकारको तल्लो तहदेखि माथिल्लो तहसम्म जनताले केही काम गराउनका लागि खुलेआम घुस दिनुपर्ने बाध्यात्मक अवस्था छ । घुस लिने कर्मचारीलाई सरकारले कारबाही गर्न सक्नुपर्छ । कानुनी राज्य निर्माण गर्न सकियो भने सुशासन कायम हुन्छ । कानुन सबै नराम्रा छैनन् । धेरै राम्रा कानुन पनि छन् । तर हामीले ती कानुनलाई अनुशरण गर्न गरेका छैनौँ ।

सङ्घीयतालाई बलियो बनाउनका लागि सबैभन्दा पहिला स्थानीय सरकारलाई बलियो बनाउनुपर्छ । स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्छ । स्थानीय तहलाई अझै फराकिलो बनाउनुपर्छ । अहिले स्थानीय तहको संख्या पनि धेरै छ । अब संविधान संशोधन गर्दा दुईवटा पालिकालाई गाभेर एउटै बनाउनुपर्छ । कतिपय ठाउँमा सानासाना पालिका छन् । तिनीहरुलाई एउटै बनाएर बरु अधिकार बढाउनुपर्छ । स्थानीय तह भनेको जरा हो । जरा बलियो भएको खण्डमा रुख बल्ल बलियो हुन्छ । स्थानीय तह भनेको रुखको जरा हो । त्यसैले हामीले स्थानीय तहलाई बलियो बनाइयो भने सङ्घीयता पनि बलियो हुन्छ । सानासाना उद्योग खोल्ने अधिकार स्थानीय तहलाई पनि दिनुपर्छ । योसँगै स्थानीय तह आत्मनिर्भर हुन पनि जरुरी छ । स्थानीय तहको आम्दानीको बाटो खोज्नुपर्छ । स्थानीय तह आफैँले आम्दानी गरेर आफैँले खर्च गरोस् । सानो काम गर्दा पनि सङ्घीय सरकारको भर पर्नुपर्ने हुनुहुँदैन । सामान्य गाउँको बाटो बनाउन, विद्यालय बनाउँदा, स्वास्थ्य कार्यालय बनाउँदा सङ्घीय सरकारको भर पर्नुहुँदैन स्थानीय सरकार ।

आज धेरैले प्रदेश सरकारमाथि प्रश्न गरिरहेका छन् । प्रदेश सरकार घाँडो भयो भनिरहेका छन् । अनाहकमा राज्यको खर्च बढ्यो भनिरहेका छन् । हेर्दाखेरी हो कि जस्तो पनि लाग्छ । किनभने प्रदेश सरकारलाई सङ्घीय सरकारले चलाएको छ । सङ्घीय सरकार ढल्ने बित्तिकै प्रदेश सरकारहरु पनि ढल्ने उदाहरण स्थापित भइसकेका छन् । तर स्थानीय सरकार ढल्दैन । जसरी स्थानीय सरकार आफैँमा निर्भर छ त्यसैगरी प्रदेश सरकार पनि निर्भर हुन सिक्नुपर्छ । प्रदेश सरकारलाई बलियो बनाउन सङ्घीय सरकारले सहयोग गर्नुपर्छ । प्रदेश सरकारको निम्ति आवश्यक नीतिनियम कानुनहरु बनाइदिनुपर्छ । प्रदेशस्तरीय कानुनहरु बनाइदिनुपर्छ । प्रदेशसँग पनि आम्दानी गर्नका लागि धेरै स्रोतसाधन छन् । स्थानीय पर्यटन छ । धार्मिक मठमन्दिरहरु छन् । त्यसको भरपुर उपभोग गर्न सक्नुपर्छ ।

यदि साँच्चिकै देश बनाउने हो भने यतिबेला सबै राजनीतिक दलहरु एकै ठाउँमा उभिन जरुरी छ । जनताको अवस्थामा सुधार ल्याउन एकले अर्कालाई आरोप लगाएर होइन, सहयोगी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । राजनीतिक दलहरु एकले अर्कालाई गाली मात्रै गरेर कसरी देश बन्छ ? झगडा मात्रै गरेर कसरी बन्छ ? देशलाई आत्मनिर्भर बनाउन गाँजाजस्ता लाभदायक बालीहरु विकास गर्नुपर्छ । हामीले आफ्नो देशमा जे फल्छ त्यही व्यापार गर्ने हो । कतार, साउदी अरब, दुबईमा तेल छ, सुमद्र छ, उनीहरुले त्यसकै व्यापार गरिरहेका छन् । मैले संसद्मा गाँजाखेतीसम्बन्धी सङ्कल्प प्रस्ताव पनि लैजादैछु । रासस

# नेशनल प्याब्सन जुनियर टी– २० क्रिकेट शुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल प्याब्सन पर्साद्वारा आयोजित जुनियर टी–२० क्रिकेट प्रतियोगिता शुरु भएको छ ।

सोमबार वीरगंजस्थित नारायणी क्रिकेट रंगशालामा मधेश प्रदेश सभा सदस्य जितेन्द्र सोनलले प्रतियोगिताको उद्घाटन गरेका थिए ।

नेशनल प्याब्सन पर्साका अध्यक्ष रामराज श्रेष्ठको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा नेशनल प्याब्सनका केन्द्रीय उपाध्यक्ष डा. नन्दन यादव, सचिव इन्द्र देव साह, नेशनल प्याब्सन पर्साका उपाध्यक्ष बिनोद गुप्ता, कोषाध्यक्ष राजेश कुमार लिम्बू, वीरगंज युवा समाजका संस्थापक अध्यक्ष कमल चौगाई, सदस्यमा उतम गुप्ता, सोनालाल प्रसाद पटेल, शशी प्रकाश साह, सौकत अलिलगायतको उपस्थिति रहेको प्रतियोगिताको संयोजक सन्तोष साहले बताए ।

प्रतियोगितामा पर्सा जिल्लाबाट नेशनल प्याब्सनमा आबद्ध १६ वटा विद्यालयहरुको सहभागिता रहेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन